म.जि. प्र. का. द.नं. : १०६/०६८, वर्ष १३, अंक २८३ शुक्रबार ११ जेठ २०८१ ने. सं. ११४४ बछलागा 24 May 2024 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्यः रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

साझाकुरा

# साझाकुरा राष्ट्रिय दैनिक

www.sajhakuranews.com

## जनसेवा सामुदायिकद्वारा रानी वनको अवलोकन

हेटौंडा, १० जेठ/मोरङ जिल्लामा रहेको जनसेवा सामुदायिक वनद्वारा मकवानपुरमा रहेको सामुदायिक वनको अवलोकन गरेका छन् । समूहले हेटौंडा-६ चौघडामा रहेको रानी सामुदायिक वन उपभोक्ता समूहको अवलोकन गरेको हो । सहभागीलाई समूहका कोषाध्यक्ष गोमा लामिछाने, लेखासदस्य केशवप्रसाद कोईराला र कार्यालय सचिव भीमसेन पौडेलले सहजीकरण गरेका थिए । सहभागीलाई वन समूहको पृष्ठभूमि, संस्थागत विकास, महिला सहभागिता, वन ब्यवस्थापन, आयआर्जन, महिला शसक्तीकरण, सामाजिक विकासलगायत विषयमा जानकारी गराएका थिए ।

जनसेवा सामुदायिक वनका अध्यक्ष मीनकुमार राईको नेतृत्वमा आएको भ्रमण दलमा कार्यसमिति, लेखा समिति, सल्लाहकार, कर्मचारी समेत २५ जनाको सहभागिता रहेको थियो ।

बागमतीको बजेटः

# पूर्वअर्थमन्त्री, योजना आयोग र विज्ञले दिए सुझाव

साझाकुरा संवाददाता

हेटौंडा, १० जेठ/ बागमती प्रदेश सरकार आर्थिक वर्ष २०८१/८२ को बजेट निर्माणका लागि जुटिरहेको छ । बजेटमा प्रदेश सरकारले पूर्वपदाधिकारी र विज्ञसँग राय, सुझाव मागिरहेको छ ।

प्रदेशको आर्थिक मामिला तथा योजना मन्त्रालयले आगामी बजेट सन्दर्भमा संघीय सरकारका पूर्वअर्थमन्त्री, बागमती प्रदेशका पूर्वआर्थिक मामिला तथा योजनामन्त्री एवम् प्रदेश नीति तथा योजना आयोगका पूर्वपदाधिकारीसहित विज्ञहरुसँग सुझाव माग गरेको छ । पूर्वअर्थमन्त्री डा. युवराज खतिवडाको प्रमुख आतिथ्यता तथा प्रदेशका आर्थिक मामिला तथा योजना मन्त्री जगन्नाथ थपलियाको अध्यक्षतमा मन्त्रालयले काठमाडौंमा छलफल गरेको छ ।



पूर्वअर्थमन्त्री डा. खतिवडाले देशको समग्र आर्थिक विकासका लागि विभिन्न सुझाव दिएका छन् । प्रदेशभरि विकासको एकरुपता ल्याउनुपर्ने, विकासका अयामहरु स्थापित गर्न स्थानीय तहमा औद्योगिक ग्राम स्थापना गर्नुपर्ने खतिवडाले सुझाव दिए । पूर्वमन्त्री डा. खतिवडाले पर्यटन क्षेत्रको पूर्वाधार विकासमा लगानी गर्नुपर्ने र लैगिंक असमानताको अन्त्य गर्नुपर्नेमा जोड दिए । उनले राजधानीका जिल्ला सामान्य र अन्य जिल्लामा कुपोषणको समस्या रहेको उल्लेख गरे ।

कमजोर क्षेत्रको सुधार गर्नुपर्ने र जलविद्युत् क्षेत्रमा लगानी बढाउनुपर्ने उनको भनाई छ । युवा, नवप्रवर्द्धन र कृषिक्षेत्रमा लगानी गर्नुपर्ने र बायोग्यास तथा गोबर ग्यास उत्पादनलाई प्रोत्साहन गर्नुपर्ने खतिवडाले सुझाव दिएका छन् । साथै, प्राङ्गारिकखेतीमा जोड दिनुपर्ने र कृषि आयोजनामा महानगर, उपमहानगर, नगर तथा गाउँपालिकाका लागि फरक मापदण्ड बनाउनुपर्ने खतिवडाको धारणा छ ।

प्रविधिक शिक्षामा लगानी बढाउनुपर्ने र प्रदेशहरुमा संघीय सरकारको बजेट शीर्षक नदोहोरिने गरी बजेट बनाउनुपर्ने उनको धारणा छ । सरकारलाई आवश्यक पर्ने बाहेकका व्यवसाय निजीक्षेत्रले गर्नुपर्ने र निजीकरणको मोडालिटीबारे पुनर्विचार गर्नुपर्ने उनले बताएका छन् । उत्पादनमुखी होइन, वितरणमुखी बजेट निर्माणमा प्रतिस्पर्धा भइरहेकाले सरकारी खर्च स-साना काममा मात्र भएकाले समाजले अपेक्षा गरेअनुरुप आर्थिक विकास हुन नसकेको उनको विश्लेषण छ ।

यस्तै, पूर्वअर्थमन्त्री सुरेन्द्र पाण्डेले स्रोत हेरेर मात्र छलफल गरी बजेट बनाउनुपर्ने बताएका छन् । अनुत्पादक क्षेत्रमा लगानी नगरी उत्पादनसँग जोडिएका क्षेत्रमा मात्र लगानी गर्न उनले सुझाव दिएका छन् । पाण्डेले स्थानीय मागअनुसार ३० प्रतिशत खर्च गरेर बाँकी ७० प्रतिशत संसदबाट पारित गरी रणनीतिक योजना राख्नुपर्ने बताए । साथै, नीति तथा योजना आयोग चलायमान हुनुपर्ने र उत्पादन हुने क्षेत्रमा लगानी गर्दा कुनै पनि कन्जुस्याइँ नगर्नुपर्ने उनको धारणा छ ।

दुग्ध क्षेत्रलाई उद्योगसँग जोड्न उनले सुझाव दिए । पर्यटन क्षेत्रलाई आकर्षक बनाउन विभिन्न कार्यक्रम बनाउनुपर्ने र कृषिजनशक्ति स्वयम्ले तयार गर्नुपर्ने पाण्डेको राय छ । उनले राम्रा योजनालाई निरन्तरता दिनुपर्ने र स्वदेशी उत्पादनलाई प्राथमिकतामा राख्नुपर्ने बताए । यसैगरी, राष्ट्रियसभाका पूर्वसदस्य एवम् बागमती प्रदेश नीति तथा योजना आयोगका पूर्वउपाध्यक्ष डा. खिमलाल देवकोटाले आन्तरिक स्रोतको पाटो कमजोर रहेको बताए । आन्तरिक स्रोत दरिलो पार्दै बजेट विनियोजन गर्दा सीमा तोक्नुपर्ने उनको सुझाव छ ।

देवकोटाले सानातिना योजनामा हात नहाल्न र गेमचेन्जर योजनालाई अगाडि बढाउनुपर्ने सुझाव दिए । लगानीकर्तालाई आकर्षण गर्नुपर्ने र करदाताले स्वेच्छा बुझेर करतिर्ने वातावरण बनाउनु पर्नेमा उनको जोड थियो । साथै, विकासका मोडल सत्ता र प्रतिपक्षी दुवैको अपनत्व हुनेगरी ल्याउनुपर्ने बताए । बागमती प्रदेशका पूर्वआर्थिक मामिलामन्त्री कैलाश ढुंगेलले दिगो विकासका लागि बलियो सरकार हुनु जरुरी रहेको बताए । उनले कृषि, पर्यटन र विद्युत्क्षेत्रमा लगानीलाई प्रोत्साहन गर्नुपर्ने बताए ।

ढुंगेलले हरेक जिल्लामा प्राविधिक शिक्षालय स्थापना गर्नुपर्ने, विद्यालयको मर्ज गर्दै आवासीय विद्यालयमा जोड दिन आवश्यक हुने भन्दै अनावश्यक खर्च कटौती गर्नुपर्ने बताए । छलफलमा नेपाली कांग्रेस बागमती प्रदेश संसदीय दलका नेता एवम् निवर्तमान आर्थिक मामिलामन्त्री बहादुरसिं लामाले बागमतीमा आर्थिकस्रोत कमी रहेको औंल्याए । सीमित स्रोतलाई मध्यनजर गर्दै धेरै काम गर्नुपर्ने चुनौती रहेको लामाले बताए । 'पहिले बहुवर्षीय आयोजनाको स्रोत सुनिश्चित गर्नेतर्फ सरकारले ध्यान दिनुपर्छ । बजेटलाई सन्तुलित र आवश्यकता अनुसार बनाउन सुझाव दिन चाहन्छु,' लामाले भने ।

आर्थिक मामिला तथा योजनामन्त्री थपलियाले प्रदेशलाई आत्मनिर्भर बनाउने सोचका साथ अगाडि बढ्ने दाबी गरे । सुझाव र अनुभवका आधारमा ठाउँको भौगोलिकता हेरेर सन्तुलित र परिणाममुखी बजेट बनाउने उनले विश्वास दिलाए । करको दायरा बढाएर प्रदेशका स्थायी स्रोत खोजिने पनि उनको भनाई छ । चुहावट नियन्त्रण एवम् अनुत्पादनक क्षेत्रको खर्च कटौती नियन्त्रणमा गम्भीर बनेको मन्त्री थपलियाले जानकारी दिए ।

प्रदेश नीति तथा योजना आयोगका अध्यक्ष डा.नरविक्रम थापा, सदस्य डा.दीपेन्द्र श्रेष्ठ, प्रदीपकुमार मैनाली, निलम ताम्राकार, आयोगका पूर्वउपाध्यक्ष डा.कृष्ण पन्त, डा.होमनाथ चालिसे, डा.जगत बस्नेत, पूर्वकार्यवाहक उपाध्यक्ष श्याम बस्नेत, पूर्वसदस्य प्रल्हाद लामिछाने, यमुना कँडेल, मन्त्रालयका सचिव कृष्णप्रसाद मैनालीलगायतले आगामी बजेटका सन्दर्भमा आफ्ना धारणा राखेका थिए ।

# सीमभञ्ज्याङमा १५ लाखमा बुद्धको मूर्ति

साझाकुरा संवाददाता

हेटौंडा, १० जेठ/उत्तरी मकवानपुरको पर्यटकीय क्षेत्र सीमभञ्ज्याङमा हेटौंडाका एक दम्पत्तिले बुद्धको मूर्ति स्थापना गरेका छन् ।

हेटौंडा उपमहानगर पालिका-११ का समाजसेवी सिद्धिलाल श्रेष्ठ र ववित श्रेष्ठले थाहा नगर पालिका-४ सीमभन्ज्याङमा साढे १८ फिट उचाईको वुद्धको मूर्ति स्थापना गरेका हुन् । समुन्द्री सतहबाट २४८८ मिटर उचाईमा रहेको सीमभञ्ज्याङको सानो समथर थुम्कोमा श्रेष्ठ दम्पत्तिले स्थापना गरेको बुद्ध मूर्तिको २५६८ औ वुद्धजयन्तीको अवसरमा थाहा नगर प्रमुख विष्णु विष्टले बिहीवार एक समारोहवीच अनावरण गरेका छन् ।



अनावरण गर्दै मेयर विष्टले पर्यटकीय क्षेत्रमा बुद्धको मूर्ति स्थापना गरेर आन्तरिक एवम् बाह्य पर्यटकलाई आकर्षित गर्न योगदान पुऱ्याएको बताए । स्थापना गरिएको बुद्धको मुर्तिको संरक्षणको जिम्मा स्थानीयवासी र पालिकाले लिनेसमेत प्रतिबद्धता व्यक्त गरेका छन् । त्रिभुवन राजपथको सडकछेउको थुम्कोमा निर्माण गरिएको बुद्ध मूर्तिले खास गरी बौद्धमार्गीलाई सीमभञ्ज्याङ क्षेत्रमा आकर्षण गर्ने वडाध्यक्ष विनोद लामाले बताए ।

श्रेष्ठ दम्पत्तिले करिब १५ लाख रुपैयाँको लागतमा मूर्ति निर्माण गरेका हुन् । बुद्ध मूर्तिको अनावरण र प्राण प्रतिष्ठापश्चात स्थानीयबासी पूजाआजा गर्न सहभागी भएका थिए । मकवानपुरगढी-७ का हर्करत्न भुलुनले ६ महिना लगाएर बुद्ध मूर्ति बनाएका हुन् । श्रेष्ठ दम्पत्तिले हेटौंडा उपमहानगर पालिका-११ राप्ती पुल नजिकै बुद्ध मूर्ति स्थापना गरेर आकर्षक बुद्ध पार्क निर्माण गरेका छन् ।

# आग्रा स्पोर्टसले जित्यो उपमेयरकप ब्याडमिन्टन उपाधि



साझाकुरा संवाददाता

हेटौंडा, १० जेठ/थाहा नगरपालिकामा भएको उपमेयरकप ब्याडमिन्टन प्रतियोगिताको उपाधि आग्रा स्पोर्टस टिमले जितेको छ । ब्याडमिन्टन संघ थाहानगर दोस्रो भएको छ ।

आग्रा स्पोर्टसको तर्फबाट नरेन्द्र मोक्तान र देवकुमार अर्यालले खेलेका थिए भने ब्याडमिन्टन संघको तर्फबाट संग्राम खत्री र समराज पाखिनले खेलेका थिए । विजेता आग्रा स्पोर्टसले नगद २० हजार, शिल्ड, मेडल तथा प्रमाणपत्र पाएको छ । प्रतियोगितामा दोस्रो भएको ब्याडमिन्टन संघ थाहाले नगद १५ हजार, शिल्ड, मेडल तथा प्रमाणपत्र पाएको छ । प्रतियोगितामा शिखर क्लब र थाहा नगरपालिकाको टिम सान्त्वना भएको छ ।

शिखर क्लबको तर्फबाट इशाक केसी र सुभाष थापाले खेलेका थिए भने थाहा नगरपालिकाको तर्फबाट कबिन्द्र वड र नबीन चौधरीले खेलेका थिए । सानत्वना टिमले नगद २ हजार ५ सयका दरले पुरस्कार सहित शिल्ड, मेडल तथा प्रमाणपत्र पाएका छन् । प्रतियोगिताको उत्कृष्ट खेलाडी आग्रा स्पोर्ट्सका नरेन्द्र मोक्तान घोषित भए । मोक्तानलाई नगद र ट्रफी प्रदान गरिएको थियो ।

प्रतियोगिताको प्रथम पुरस्कार थाहा नगरपालिका-६ मा रहेको ॐ अध्याय रिट्रीटले, दोश्रो पुरस्कार च्वाईस नेपालले र सान्त्वना पुरस्कार पालुङ भ्याली हार्ट एकेडेमीले प्रायोजन गरेको थियो । ट्रफी सौजन्य थाहा नगरपालिका वडा नम्बर १० का अर्जुन बस्नेतले गरेका हुन् । ९ जेठबाट सुरु भएको प्रतियोगितामा १६ टिमको सहभागिता रहेको थियो । विजेता टिम तथा खेलाडीलाई थाहा नगरउपप्रमुख भरत गोपालीले पुरस्कार तथा प्रमाणपत्र वितरण गरेका थिए ।

कार्यक्रममा थाहा नगरका प्रमुख प्रशासकीयअधिकृत कृष्ण गिरी, एमाले थाहाका अध्यक्ष सुरेन्द्रमान प्रधान, राष्ट्रिय स्वतन्त्र पार्टीका थाहानगर अध्यक्ष जयराम खत्री, थाहा-७ का वडाध्यक्ष शिवराज थिङ, १२ नम्बर वडाध्यक्ष तथा खेलकु विकास समिति संयोजक टीकारम स्याङ्तान, च्वाइस नेपालका प्रताप घिमिरे, कृषि विकास बैंक पालुङका प्रबन्धक घनश्याम श्रेष्ठ, ब्याडमिन्टन संघ मकवानपुरका उपाध्यक्ष तथा निर्णायक विजयसिंह ठकुरी सदस्य यादवजंग रायमाझी लगायत खेलाडी तथा खेलप्रेमीको उल्लेख्य उपस्थिति थियो ।

सम्पूर्ण ब्राण्डका गाडी
एकै ठाउँमा सम्पूर्ण सेवासहित

☞ कार वास भित्र/बाहिर
☞ वायरिङ मर्मत
☞ A/C मर्मत तथा ग्याँस रिफिलिङ
☞ सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
☞ डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक वेल्डिङ
☞ टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
☞ इन्जिनसम्बन्धी सबै काम

Himalayan Motors Pvt.Ltd.
हेटौंडा, चौकीटोल,
सम्पर्क नं.: ०५७-५९०३३३

ELITE AIMERS INSTITUTE The Dream into AIM
लोक सेवा आयोग
बागमती प्रदेश तह ५ को पत्रको तयारी कक्षा
सेना तथा प्रहरी तर्फको विभिन्न तहको तयारी कक्षा
शिक्षक सेवा | बैंकिङ कक्षा तयारी
खरिदार | नेपाल विद्युत प्राधिकरण
नायब सुब्बा | नेपाल टेलिकम तह ४
● Computer in Graphic Design
● Computer in web Devlopment
● Computer in Accounting Package
50% OFF for +2 Student
● Diploma in Computer
● Japanese Language
● IELTS/PTE Class
☛ शान्त तथा स्वच्छ वातावरण ☛ हरेक हप्ता Model Test
☛ दक्ष तथा अनुभवी शिक्षक ☛ Handsout को व्यवस्था
आफ्नो सिट सुरक्षित गर्न तुरुन्त सम्पर्क गर्नुहोला ।
Elite Aimers Institute
Hetauda-4, Parijathpath, (Infront of Hetauda Campus)
Contact No.: 057-590096,
9855057021,9804219546, 9855078775

ड्राइभिङ्ग सिक्ने तयारीमा हुनुहुन्छ ?
अब निराश नहुनुहोस्...
हामी कहाँ जतिसुकै नजान्ने भएपनि दक्ष तथा अनुभवी प्रशिक्षकद्वारा गाडी सिकाइनुका साथै लाइसेन्स परीक्षा र ट्रायल सहजै पास गर्न सक्ने गरी ड्राइभिङ प्रशिक्षण दिइन्छ ।
हाम्रा विशेषताहरूः
☞ अनलाइन फर्म भर्ने सुविधा ।
☞ रोड टेस्ट गराइन्छ ।
☞ दक्ष प्रशिक्षकहरुद्वारा प्रशिक्षण ।
☞ लाइसेन्स ट्रायलको प्राविधिक ज्ञान दिइन्छ ।
☞ गाडीको पार्टपूर्जासम्बन्धी सम्पूर्ण ज्ञान दिइन्छ ।



सम्पर्क कार्यालयः
सितलमहल चोकबाट
ॐ हल जाने बाटोमा
प्रबन्ध निर्देशकः टिका कुमारी दुलाल
के. के. ड्राइभिङ्ग प्रशिक्षण केन्द्र
हेटौंडा-५, पिप्ले, मकवानपुर
सम्पर्कः ९८४५१७९४१५, ९८१७२८४६१४, ९८४५९२७०५७

साझाकुरा

## हाम्रो कुरा

# बेथिति सुधार

उपप्रधानमन्त्री तथा गृहमन्त्री रवि लामिछानेले पछिल्लो २ महिनामा राजश्व चुहावट नियन्त्रणमा २० प्रतिशतले सुधार भएको दाबी गरेका छन् । नेपालमा सबैभन्दा ठूला समस्या भनेकै राजश्व चुहावट, कमिसन, कामचोर प्रबृति, झुटको खेती, श्रमको अनादर नै हो । जसले बढी सरकारी ढुकुटी आफ्नो कब्जामा पार्न सक्छ त्यही ब्यक्तिलाई हाम्रो समाजले कदर गर्छ । जसले खेतबारी वा ब्यवसायमा श्रम गरेर पसिना बगाउँछ त्यो ब्यक्ति अपमानित हुनपरेको छ । ईमान्दारिताको कदर होइन अवमूल्यन गरिन्छ हाम्रो समाजमा । हुनेखाने बर्ग र हुँदा खाने बर्गबीच ठूलो खाडल छ । देशको मौजुदा कानूनको ब्याख्या नै दुई किसिमबाट हुन्छ ।

यस्तैयस्तै कारणले गर्दा माध्यमिक तहको अध्ययन पूरा गर्नेबित्तिकै हाम्रा युवा श्रम मन्त्रालय र शिक्षा मन्त्रालयमा दुइकिसिमका लाइन लाग्छ । औषतभन्दा माथिका युवा युरोप, अमेरिका, अष्ट्रेलिया जानका लागि नो अब्जेक्सन लेटर बनाउन लाइनमा छन् र औषत भन्दा कमजोर युवा खाडीमा भबिष्य खोज्न श्रमस्वीकृतिका लाइनमा पुगेका छन् । मुलुकमा रहेको चरम बेथितिका कारण ब्रेनड्रेनको समस्या बिकराल बन्दै गएको छ । तर, सानातिना उपलब्धीमा सरकारी संयन्त्र मख्ख परिरहेको अवस्था छ । करीब ७०० विगाहा अतिक्रमित जमिन साविककै अवस्थामा फर्काइएकोमा गृहमन्त्रीले खुशियाली मनाइरहेका छन् । सरकारी सम्पत्ति अतिक्रमण गर्नेलाई पाता कसेर जेल हाल्न किन नसकेको ? सरकारी जमिन अतिक्रमण र राजश्व चुहावट मात्र समस्या होइन । समस्याको गाँठो फुकाउने जिम्मा लिएका ब्यक्तिमै समस्या देखिएको छ । नेपाल सरकार, गृहमन्त्रालय र प्रदेश, आन्तरिक मामिला तथा कानून मन्त्रालयद्वारा संयुक्त रुपमा आयोजित प्रदेशस्तरीय सुरक्षा गोष्ठीमा गृहमन्त्री लामिछानेले नागरिका सबै प्रकारका गुनासो स्थानीयस्तरमैं सुनुवाई गर्ने र समाधान गरी नागरिक सन्तुष्टि अभिवृद्धि गर्नुपर्ने बताएका छन् । तर, यही गतिमा नागरिक सन्तुष्ट हुने अवस्था भने पटक्कै छैन । सुधारका थुप्रै कार्य अघि बढाइएको र निकट भविष्यमा त्यसको नतिजा देखिने दाबी गृहमन्त्री लामिछानेले गरेका छन् । उच्चसमर्पण सहित योजनावद्ध रुपमा कार्यगर्न मातहतका अधिकारीहरुलाई लामिछानेले निर्देशन दिएका छन् । वहुजातीय, बहुभाषिक, बहुधार्मिक, बहुसाँस्कृतिक विशेषतायुक्त समाजमा विविधतावीच एकता प्रवर्द्धन गर्न स्थानीय प्रशासनले भूमिका खेल्नुपर्ने र सदियौंदेखि मिलेर बसेको समाजलाई विखण्डित गर्ने, नागरिकलाई नकारात्मक हिसावले प्रशिक्षित गर्ने तथा संविधान र लोकतन्त्र विरोधी गतिविधि भएमा त्यसलाई जानकारीमा लिन जरुरी रहेको उनले बताए ।

उपप्रधानमन्त्री तथा गृहमन्त्री लामिछानेले गोष्ठीमा भएको छलफलले प्रदेशको शान्तिसुरक्षा र अपराध नियन्त्रणलाई मजवुत बनाउन र सरकारका प्रयासलाई नागरिकसरोकारका विषयमा केन्द्रित गर्न मद्दत पुग्ने र दुर्गम क्षेत्रका नागरिकको सेवाप्रवाहलाई थप सहज बनाउन गोष्ठी महत्वपूर्ण हुने विश्वास व्यक्त गरेका छन् । गृहमन्त्री लामिछानेले स्थानीय प्रशासनको उपस्थितिले पीडितका लागि भर र पीडकका लागि डर सृजना हुनुपर्ने धारणा राख्दै सबैलाई त्यस दिशामा खरो उत्रन निर्देशन त दिए तर, पालना कहिले हुन्छ भन्ने विषयमा अन्यौल छ । सुधार गर्न कहाँबाट सुरु गर्ने भन्ने विषय नै गंभीर देखिएको छ । मुलुकको राजनीति सङ्लो भएमात्र समाजमा रहेका समस्या समाधान गर्न सहज हुन्छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरु

साझाकुरा

### मकवानपुर प्रहरी

| | |
|---|---|
| प्रहरी कन्ट्रोल: | १०० |
| जिल्ला ट्राफिक: | ५२०५९९ |
| वडा प्रहरी: | ५२०२९९ |
| पशुपतिनगर इलाका: | ५२०५९८ |
| पालुङ इलाका: | ६२०४६७ |
| मनहरी इलाका: | ९८५५०९०१६१ |
| इलाका फापरबारी: | ६२१९८० |
| इलाका भीमफेदी: | ६९१४६२ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ |
| चित्लाङ चौकी: | ६९२००० |
| चौघडा चौकी | ९८४४०५४६०४ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ |
| फाखेल चौकी: | ९८४५०३१३९८ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ |

### एम्बुलेन्स सेवा

| | |
|---|---|
| नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| हेटौंडा अस्पताल: | ५२०३०५ |
| परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| भीमफेदी रेडक्रस: | ६२०६९९ |
| पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९१९४ |
| बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| बारुण यन्त्र: | १०१ |
| बाल हेल्पलाइन नेपाल: | १०९८ |
| माइती नेपाल: | ५२१०५० |
| अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०८१ जेठ १२ गते शनिबार २५ मे २०२४ । द्वितीया, जेष्ठ कृष्णपक्ष । बछलागा ११४४ ने.सं. । सूर्योदय ५:१२, सूर्यास्त ६:५० ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| मेष | : मानसिक सन्तोष हुनेछ | तुला | : अधुरा काम सम्पन्न हुनेछ |
| वृष | : धन प्राप्ति हुनेछ | वृश्चिक | : सवारी साधनबाट क्षति हुन सक्नेछ |
| मिथुन | : व्यापारमा नया योजना बन्नेछ | धनु | : रिसाउने बानीले काम बिग्रनेछ |
| कर्कट | : कठिनाई कम हुनेछ | मकर | : नोकरीबाट असन्तोष बढ्नेछ |
| सिंह | : साथीभाइमा मनमुटाव हुनेछ | कुम्भ | : सोचेर अगाडि बढ्नुपर्ने देखिन्छ |
| कन्या | : नयाँ काम समय देखिन्छ | मीन | : धार्मिक कार्यबाट प्रगति हुनेछ |

# शासकमा मानसिक र व्यावहारिक परिवर्तनको अपेक्षा



✍ केशव अधिकारी

वि.सं. २००७ सालदेखिको झन्डै आठ दशक लामो जनप्रतीक्षामा पनि राजनीतिक, प्रशासनिक र आमूल वैचारिक परिवर्तन आउन नसकेको कुरा आज पनि अनुभूत हुँदै गरेको कुरा हो । यस लामो कालखण्डका धेरैजना पाका नागरिकले अनुभूत गरे कि हाम्रो पालामा शासकको व्यवहार र मानसिकता परिवर्तन हुन नसके तापनि हाम्रा सन्तानको पालामा पक्कै परिवर्तन हुनेछ । तथापि उनीहरु बाँचेका कालखण्डमा अपेक्षित परिवर्तन नभएरै बित्यो । तर उनीहरुका छोराछोरी, नातिनातिना हुँदै गएर पनातिका पुस्ता चल्दै गरेको कालखण्डमा समेत सोचे वा चाहेनुसारको परिवर्तन आउन सकेको छैन । यो एउटा दुःखद र अनपेक्षित अनि मानसिक अलमलको अवस्थामा बाँच्दै छौं आज हामी पनि ।

प्राविधिक शिक्षा हासिल गरेको एउटा युवक जो स्वदेशमै बसेर पनि आफ्नो जीविकोपार्जनका लागि आवश्यक पर्ने सम्पत्ति कुनै गैरकानुनी काम नगरेरै वा कानुनले गर्नु भनेर अनुमति दिएकै काम गरेर जीविकोपार्जन गर्न सक्ने अवस्थाको छ । ऊ र उसका परिवारका सदस्य बिरामी पर्दा औषधोपचार गराउन समर्थ्यवान हुन्छ । आफ्ना सन्तानलाई उचितरुपमै शिक्षादीक्षा दिलाउन सक्ने अवस्थामा हुन्छ । एक वर्षमा उसको कमाइ आठदेखि दश लाखको छ । व्ययभारको लागि आवश्यक पर्ने सम्पत्ति खर्च गरेर पनि केही सम्पत्ति बचत गर्न सक्ने अवस्थामा छ ऊ । यतिको आर्थिक अवस्था मजबुत भएको युवकको मानसिकता स्वदेश त्यागेर विदेशमा पस्ने रहन पुग्छ । यसको खास कारण के हो भने उसलाई सम्पत्ति नपुगेर, भोकले मर्नै आँटेको अवस्थाको सामना गर्न परेर पनि होइन, छोराछारी पढाउन नसकेर पनि होइन, ऊ विदेशिन खोज्नुको प्रमुख कारण सरकारका हरेक क्षेत्रमा हुने गरेका ढिलासुस्ती, नातावाद, कृपावाद, काम गरिदिएबापतको चियाखर्चजस्ता कुराले युवाको मानसिकताका तन्तुभर दिक्दारीको अवस्था सिर्जना गरिदिन्छ । जुन दिक्दारीका कारण उसको मानसिक इच्छाशक्ति क्रमशः निरुत्साहित बन्दै जान्छ । ऊभित्रका प्रतिभा उत्साही बन्दै जानुको साटो सिथिल बन्दै जान्छन् । यो कारणले गर्दा युवाभित्रको मानसिक र वैचारिक दिक्दारीले गर्दा प्रतिभा प्रस्फुटनमा सघाउ पुग्नुको साटो क्रमशः तुषारापात हुन थाल्छ । उसको दिक्दारीपन केही शान्त भएपछि ऊ पुनः प्रयासमा लागे पनि पुरानै अवरोधक तत्वहरु सक्रिय बनेर उसको दिमागलाई डस्न खोज्छन् । अब कसरी स्वतन्त्र बनेर प्रस्फुटन गर्ने होला ? भन्ने सोच युवकको दिमागभित्रका तन्तुमा अडिएपछि स्वतन्त्र भएर आफ्नो प्रतिभा प्रस्फुटन गराउने दृढताका साथ विदेश जानेतिरको प्रक्रियामा लाग्छ । आजका हरेक नेपाली युवाको समस्याको जड नै यही हो भन्दा फरक पर्नेछैन । हाम्रो देशको प्रशासनले आम नेपाली युवाका ती विपरीत इच्छा वा चाहनालाई कति र कसरी बुझेको हुन्छ वा बुझेको हुँदैन र व्यवहार परिवर्तन गर्न पनि चाहँदैन ।

आफ्नै छिमेकी र संसारका गरिब भनिएका देशहरुले छोटो अवधिमै अथाह उन्नति गरेर संसारलाई चकित बनाइरहेका कुरा थाहा भएरै पनि थाहा नपाएको जस्तो गरेर पहिलेदेखि जसरी चलेको छ, त्यसै रवैयाले चल्न खोज्ने प्रशासनले हरेकजसो नेपाली युवाको मानसिकतामा घोर नकारात्मक भावना थोपरिदिएको छ । यसरी थोपरिएको वा लादिएको मानसिकताले एकथोपा पनि सकारात्मक पक्षमा लाग्न सघाउँदैन र मानसिक सकारात्मकताको भावना उत्पन्न हुनबाट रोकेको हुन्छ । यसै नकारात्मक भावनाको बडौलीबाट कसरी मुक्ति पाउने ? भन्ने सोचले समस्याग्रस्त बनेको युवक वैदेशिक रोजगारीको परिकल्पनामा डुब्न थाल्छ र ऊ विदेश जानको लागि हतारिन थाल्छ ।

विगतको माओवादीको एक दशक लामो युद्धले जबरजस्ती केही परिवर्तन ल्याउने र शासकको मानसिक नकारात्मकताको स्थानमा सकारात्मकताको भावना ल्याउने अनि सकारात्मक मानसिकताबाट उत्पादन हुने व्यवहारमा समेत सकारात्मकता ल्याउने प्रयास भएको भए तापनि स्वस्फूर्तरुपमा आएको मानसिक सकारात्मकताजस्तो लादिएको वा जबरजस्तको मानसिकता नहुने रहेछ भन्ने कुरा आज पुष्टि भएको छ । संसार परिवर्तनको लागि भूमिगत भएर युद्ध लडेका भनिएका माओवादीको स्वयं नेतृत्ववर्गको नै सकारात्मक मानसिक परिवर्तन भएको रहेनछ । दशबर्से युद्ध भनेको केवल संसारलाई ढाँटेर आफूले मात्र लुटेर खाने युद्ध पो रहेछ । अहिले सत्ताका हर्ताकर्ता बनेका माओवादी नेता स्वयंले आफूलाई सकारात्मक मानसिकतामा ढाल्न सकेका भए देश र विश्वमै समेत केही सकारात्मक र उदाहरणीय कर्म गरेर देखाउन सक्ने थिए होलान् । जालझेल र नकारात्मक भावनाले चलेको शासन केवल तासको घरजस्तै कच्चा हुन्छ । शासन कच्चा भएपछि आम जनमानसमा असन्तुष्टिको भावना बढेर जान्छ । असन्तुष्टिको भावनाले भरिएको मानवले सकारात्मक कामभन्दा अधिक नकारात्मक काम गर्न थाल्छ ।

हाम्रा तीन पुस्ताअगाडिका अग्रजहरुले तत्कालीन शासन र शासकप्रतिको भावना सकारात्मक राखेर सकारात्मक कर्म गर्दै शासकलाई सघाउँथे । आम जनताको यो सकारात्मक सघाउले सरकारलाई सकारात्मक काम गर्ने हौसला मिलेको हुन्थ्यो । यसै सकारात्मक हौसलाले गर्दा शासकले आम मानवको भलाइको काम गर्ने साहस राख्दथ्यो । तर हाम्रो देशमा राणाशासन र शासकप्रतिको आम जनताको नकारात्मक भएको धारणालाई कोही पनि शासकले सकारात्मक बनाउने बाटोमा उभिन सकेर शासन चलाउन सकेको पाइएन । यो नै इतिहासको पानामा लेखिएको राजनीतिक भूलमध्येको सबैभन्दा ठूलो र खराब परिणाम आउने खालको थियो ।

आजको पुस्ताका नेपाली जनताले निकै व्यग्रताका सात पर्खेर बसेको कुरो भनेको अब त पक्कै सुशासन आएरै छोड्ला, हामीले कुनै सरकारी काम गराउन जाँदा त्यहाँ काम गर्ने तरिका प्रभावकारी होस्, कसैले पनि कुनै प्रकारका पीडा भोग्नु नपरोस्, प्रशासकलाई आफ्नो व्यक्तिगत जीवनको तुलनामा समग्र देशको चिन्ता र माया रहोस् भन्नेजस्ता सकारात्मक भावना आम नेपाली जनताका वास्तविक भावना रहेका छन् । यिनै स्वच्छ भावनाको धरातलमा शासन र शासकका मानसिक एवं व्यावहारिक परिवर्तनको अपेक्षासमेत गरिएको हुन्छ ।

शासन र शासकका मानसिक सकारात्मक परिवर्तन भन्नाले शासकले आफूलाई आम जनताको मालिक नठानेर सेवक ठान्नुको भावना विकास गर्नुपर्ने हुन्छ । जनता मालिक भन्नुको अर्थ शासकलाई शासन गर्ने स्थानसम्म लैजान आम जनताको मतको भूमिका रहेको हुन्छ । तर हामीकहाँ आफूलाई मतदान गरेर उच्च स्थानमा आसीन गराउने आम जनता नोकर र माथिको स्थानमा पुग्ने व्यक्ति हाकिमको रुपमा पुजिने एउटा नराम्रो परम्परा बस्दै जान थालेको छ । शासकभित्रको क्षमतालाई व्यावहारिकरुपमा उतारेर सकारात्मकरुपमा देखाउन सकेका खण्डमा मात्र शासक सफल शासक बन्छ । असफल शासक त केवल बकवास मात्र गर्ने हो । शासक आम जनताको अभिभावक पनि हो । आपतकालमा परेर चिच्याइरहेको सन्तानरुपी जनतालाई शासकले उसका दुःख र पीडा मुक्त बनाइदिने प्रयास गर्नुको साटो प्रशासनको बल लगाएर दमन गरी आफू ढुक्क परेर आनन्दका साथ बस्छ भने त्यो शासकलाई आम जनताले कर तिरेर पाल्नुपर्ने किन ?

मुखले सुशासनको दुहाइ दिने तर कर्मले कुनै एउटा सिन्कोसमेत भाँच्न नसक्ने वा नचाहने शासकलाई शासनको भार दिएर मात्र के गर्नु ? हामीकहाँ अहिले पनि संसद्को कार्यवाही अगाडि बढ्न नदिएर संसद् अवरुद्ध पार्ने काम जारी रहेको छ । शासनको पक्षमा रहेकाले हसुरेका र आफूले खान नपाएको झोकमा संसद् अवरुद्ध गर्दा पनि सबै सांसदहरुको भत्ता पाक्ने क्रम जारी रहने भयो । यता आम जनताले पनि विनाकामको स्याबासी दिने र पाउने भए । तर जनता र देशका लागि फाइदाजनक कुनै काम भएन । किन यस्तो हुन्छ भने, शासक अनि प्रतिपक्ष दुवै जनता र देशको भलाइको खातिर चुनाव जितेर त्यहाँ गएका हुँदै होइनन् । उनीहरु त्यहाँ केवल जागिर पकाउन र भत्ता पचाउने कालो मन अनि सुकिलो र सिँगारिएको अनुहार लिएर गएका छन् । त्यहाँ छिरेका धेरैजसो विदेशीका दलाल पनि छन् । उनीहरुका पेसानुसारका काममध्ये कोही दलालीमा व्यस्त रहन्छन् र सफल बन्दै मक्ख पर्छन् ।

संसद्मा छिरेका सबैजसो नेताको मानसमा नकारात्मक भाव रहेकै हुन्छ भन्दा अलि बढी बोलेको ठहर्ला, तथापि वास्तविकताचाहिँ त्यही नै हो । सर्वप्रथम त कुनै पनि राजनीतिक दल खोल्नुको पछाडि देशको सेवाको भावना एक प्रतिशत मात्रै पनि घुसेर होइन कि अनेक थरीका षड्यन्त्रको जालो बुनेर कसरी फैलाउने अनि आम जनतालाई कसरी लुट्ने भन्ने मुख्य बुँदामाथि छलफल गरी एउटा मानसिक वा सांकेतिक दस्तावेज तयार पारेर खेल खेल्न अनि हार्न वा जित्न थालिने खेल नै हो राजनीति । राजनीतिमा एउटा असफल भएर आफू असफल हुनुका वास्तविक कारण लुकाएर वनावटी कारण निर्माण गर्दै, अर्कालाई आरोप लगाउँदै, बाहिरिँदै गर्नेहरुका रोदन र क्रन्दनको घना रुझान सुन्न पाइन्छ ।

संसार बदल्छु भनेर डुक्रने अनि असफल भएपछि निरीह बनेर रुनेहरुले गरेको राजनीति अनि तिनैले चलाएको सत्ताको बहुरुपी नाटकको अभिनय देख्दादेख्दै र विश्वास नलाग्दा नलाग्दै पनि मन अड्याउने कुनै भर पर्दो स्थान नभएपछि तिनै असफल शासकतिर हेरेर सकारात्मक मानस र व्यवहारको अपेक्षा गर्नुबाहेकको अर्को विकल्प के होला र ? अझै पनि पूरै आशा मारेर बस्नुको साटो सकारात्मक मानस र सोच अनि कर्मका आम नेपाली जनताले हाम्रा शासक मानसिकरुपमा सकारात्मक भाव राख्ने अनि निःस्वार्थ भावका भएर देश र आम नेपाली जनतालाई सुशासनको अनुभूति गराउन सके हुने थियो भन्ने भावना राखेका छन् । आम जनताका यी पवित्र भावनालाई कदर गरेर जनअपेक्षित शासन चलाउन सक्नु सफल नेता वा नेतृत्व उत्पादन हुन सक्नु हो । सफल नेतृत्वले मात्रै देशलाई सफलताको बाटोमा हिँडाउन सक्छ, असफलले कदापि सक्दैन ।

*(साभार: नेपाल समाचार-पत्र)*

# महासंकटको आमन्त्रण आफैं गरेपछि ढलेका थिए ज्ञानेन्द्र

✍ उमेशप्रसाद मैनाली

नेपालको एकीकरण भएको दुई सय चालीस वर्षपछि राजतन्त्र समाप्त भएर गणतन्त्र घोषणा भयो । जसले राज्यलाई एकीकरण गरेर एक राष्ट्रको रुप दियो, उसैको सन्तानलाई शासनसत्ताबाट निकालियो । जर्मन एकीकरण गर्ने बिस्मार्कले भनेका थिए, 'जनमत अन्धो बलवान दानवजस्तै हो, जसलाई सजिलै काम लगाउन सकिन्छ । तर रिसाएमा भयानक हुन सक्छ ।' राजा ज्ञानेन्द्रको चरम तानाशाही कदमहरूबाट वाक्क भएर दलहरू जनआन्दोलन गर्न पुगे । झन्डै असफल हुन लागेको सात दलको आन्दोलनलाई राजा ज्ञानेन्द्रकै एकपछि अर्को अपरपक्व र तानाशाही कदमहरूले थप ऊर्जा दिन थाल्यो । त्यसबेला जनआन्दोलनका कमाण्डर गिरिजाप्रसाद कोइरालाले चेतावनी शैलीमा बोलेका थिए, 'यहाँ दुईवटा हावा, दुईवटा नदी समानान्तर रुपमा बगिरहेको छ-एउटा पूर्ण प्रजातन्त्रको, अर्को गणतन्त्रको । यदि राजाले समयमा नै चेतेनन् भने त्यो दुईवटै नदी एक भएर जान सक्छ । अनि राजतन्त्रको भविष्य त्यस दिन अन्त भएर जान्छ ।'

राजामा चेत आएन, झन् एकपछि अर्को उटपट्याङ कामहरू गर्न थाले । २०५९ जेठ ८ मा संसद् विघटन र त्यसपछि असोज १८ बाट सुरु भएको उनको प्रतिगामी कदम अझ तानाशाहीमा रुपान्तरण हुँदै गयो । नाममात्रको मनोनीत मन्त्रिमण्डल गठन गरेर आफ्नै इशारामा सरकार चलाउँदा पनि नपुगेर २०६१ माघ १९ मा आफ्नै नेतृत्वमा सरकार गठन गरेर महासंकट आफैं आमन्त्रण गरेका थिए । त्यसपछि नागरिक हक-अधिकार कुण्ठित गरिनु, जनताको सहभागिता नरहेको स्थानीय निकायको निर्वाचन गराउनु, प्रेसमाथि सेन्सरसीप लगाउनु, सामुदायिक रेडियोमाथि प्रतिबन्ध लगाउनु, असंवैधानिक शाही आयोग गठन गरी विरोधीहरूलाई सताउनु आदि अलोकतान्त्रिक कदमहरू उठाउनुले जनआक्रोश बढाउने काम भयो । अन्ततः गिरिजाप्रसादले भनेजस्तै प्रजातन्त्रवादी र गणतन्त्रवादी दुई नदी मिसिएर एक भए । राजा ज्ञानेन्द्रको तानाशाहीले गर्दा कहिल्यै नमिल्ने शक्तिहरू सात दल र नेकपा (माओवादी) बीच भारतको दिल्लीमा १२ बुँदे समझदारी भएपछि राजतन्त्रविरोधी आन्दोलनले जनसागरको रुप लिन थाल्यो । यही जनआन्दोलनको आँधीबेहरीले राजालाई घुँडा टेकाई छाड्यो ।

अन्ततः २०६३ वैशाख ११ गतेको शाही घोषणाद्वारा संसदको पुनःस्थापना र अन्तरिम प्रधानमन्त्रीमा गिरिजाप्रसाद कोइरालालाई नियुक्त गर्न ज्ञानेन्द्र बाध्य भएका थिए । विश्व इतिहासको अध्ययन गर्दा वंशानुगत राजतन्त्र ढिलोचाँडो अन्त भएकै देखिन्छ । दार्शनिकहरूले पनि सरकारका स्वरुपहरू क्रमिक रुपमा बदलिने सन्दर्भको चर्चा गरेका छन् । अरस्तुले राजतन्त्र, निरंकुशतन्त्र, कुलीनतन्त्र, अल्पतन्त्र, समाजतन्त्र र लोकतन्त्रको चक्रीय स्वरुपको व्याख्या गरेका छन् । मन्टेस्क्यूले राज्यको वर्गीकरणमा गणतन्त्र, लोकतान्त्रिक गणतन्त्र, कुलीनतन्त्रीय गणतन्त्र, राजतन्त्र र निरंकुशतन्त्रको विवेचना गरेका छन् । यी सबै प्रकारका सरकारको पछाडि एक भावावेशले काम गरेको हुन्छ, जसले यसलाई शक्ति दिने गर्छ । लोकतन्त्रको पछाडि जनसेवाको भावना हुन्छ । कुलीनतन्त्रमा संयमको सिद्धान्तले काम गरेको हुन्छ । राजतन्त्रको आधार सम्मान हुने गर्छ र निरंकुश शासनको आधार भय हुन्छ भनेर उनले भनेको मननीय लाग्छ । अन्य देशहरूको इतिहास पनि यही चक्रमा घुम्दै राजतन्त्रबाट लोकतन्त्रमा रुपान्तरण भएको देखिन्छ । निकै पहिले राजैराजा थिए, तीन कोरीको संख्यामा मात्र छन् । त्यसैले इरानका राजा मोहमद रेजा पहल्वीले भनेका थिए, "अब संसारमा पाँचवटा मात्र राजा रहन्छन्, एक बेलायतको र चारवटा तासको ।"त्यस्तै इजिप्टका किङ फारुखले बोलेका थिए, "पुरै विश्व विद्रोहमा छ । चाँडै पाँच राजा मात्र हुनेछन् । बेलायतको राजा, क्लबको राजा, मुटुको राजा, हिराको राजा, हतियारको राजा ।"

ऐतिहासिक तथ्य के हो भने ढिलो चाँडो राजतन्त्र जान्छ नै । प्रश्न यतिमात्र हो कि यो रक्तपातबाट गयो वा शान्तिपूर्वक हट्यो । नेपालको भाग्य हो, हाम्रोमा फ्रान्सको जस्तो रक्तपात भएन न त इरानको जस्तो राजा अरु देशमा शरण लिन नै जानुपर्‍यो । यो शान्तिपूर्ण हुनुमा पूर्वराजाको सबभन्दा बढी योगदान छ भन्न सकिन्छ । संविधानसभाले गणतन्त्रको घोषणा गर्नुअघि नै यसको आधारहरू तयार हुँदै गएको नबुझ्नु ज्ञानेन्द्रको कमजोरी थियो । अन्तरिम व्यवस्थापिका संसद्को २०६३ जेठ ४ गते 'प्रतिनिधिसभाको घोषणा, २०६३' जारी गरियो, जसलाई 'नेपालको म्याग्नाकार्टा' भन्ने गरिन्छ । यस घोषणाले प्रतिनिधिसभा सार्वभौमसत्ता सम्पन्न भएको र राज्यशक्ति यही प्रतिनिधिसभामार्फत प्रयोग हुने घोषणा गरेको थियो ।

नेपाल राज्यको कार्यकारी अधिकार मन्त्रिपरिषद्मा निहीत हुने र 'श्री ५' को सट्टा 'नेपाल सरकार' भनिने घोषणा गर्‍यो । राजाले प्रयोग गरी आएका विशेषाधिकार समेत प्रधानमन्त्रीले गर्ने व्यवस्था हुन गएको थियो । उक्त घोषणाका बेला आमन्त्रितको रुपमा प्रतिनिधिसभामा उच्चपदस्थ पदाधिकारीहरू पनि निम्त्याइएको थियो । म पनि गृहसचिवको हैसियतमा दर्शकदीर्घामा साथीहरूसँगै थिएँ । त्यसबेलाको माहौल यस्तो थियो कि सबै भयभित जस्तै देखिन्थे । आज सेनाले संसद् घेरेर 'कू' गर्छ भन्ने हल्ला चलेको रहेछ । सेनाका उच्च अधिकारीहरूबीच मतभेद भएकाले यो दुर्घटना टरेको बुझियो । सभाकक्षमा सभामुख र अन्य सदस्यहरू उपस्थित भएपछि तत्कालीन प्रधानमन्त्री गिरिजाप्रसाद कोइराला प्रवेश गरे । स्वास्थ्यका कारणले उक्त घोषणा पढ्ने काम उनले सभामुख सुवासचन्द्र नेम्वाङलाई दिएका थिए । उनले यसलाई वाचन गरे र सभाले करतलध्वनीबाट पारित गरिदियो । त्यस घोषणाले गृहमन्त्रालयको काम थपिदिएको थियो । भोलिबाटै 'श्री ५ को सरकार' को बदला 'नेपाल सरकार' लेखिएको लेटरप्याड प्रयोग गराउनुपर्ने जिम्मेवारी भएकाले गृहसचिवको हैसियतमा रातभर सर्कुलर गरि सकिएको थियो । परराष्ट्र मन्त्रालयमार्फत् सबै नेपाली नियोगहरूलाई पासपोर्टमा 'नेपाल सरकार' घोषणा भएको छाप लगाएर मात्र प्रयोग गर्न दिने व्यवस्था मिलाइयो ।

अन्तरिम संविधानप्रति श्रद्धा देखाउन सबै उच्च पदाधिकारीदेखि तल्लो तहको कर्मचारीसम्मले छुट्टै सपथ लिनुपर्ने भयो । सचिव र सोभन्दा माथिकाले सभामुखसमक्ष र अन्यलाई सम्बन्धित सचिवले सपथ गराउने व्यवस्था गरि यो । नेपाल सरकारका कर्मचारीले संसद्समक्ष सपथ लिनुपर्ने व्यवस्थाले कर्मचारी कोप्रति उत्तरदायी हुने हो भन्ने अन्योल भएको देखिन्थ्यो । राष्ट्रप्रमुखको जिम्मेवारी पाएका प्रधानमन्त्री गिरि जाप्रसाद कोइरालाले राजदूतहरूको प्रमाणपत्र सिंहदरबारको स्टेटहलमा बुझ्न त्यो हल तत्काल तयार पार्न निर्देशन दिए । गृह मन्त्रालय मातहत रहेको उक्त हल तयार पार्न मलगायत गृहका कर्मचारीहरू दिनरात खट्नु परेको थियो । हलमा राणाकालका विभिन्न कलात्मक वस्तुहरू, अर्धकदका मूर्तिहरू लगायतका सामानले भरिएका थिए । तिनीहरूलाई भित्रपट्टिको कोठामा सारियो । हलमा बिछ्याइएको विशाल गलैंचा ढुसीले गन्हाएकाले त्यसलाई धुन क्रेनले निकाल्नु परेको थियो भने धुने चार्ज मात्रै झण्डै एकलाख माइशपलाई दिनु परेको सम्झदा अहिले पनि आश्चर्य लाग्दछ । बेलायती बैठकका लाफिङ ग्लासहरू भने ठीकै हालतमा रहेछन् । हल अगाडि (सिंहदरबारको पश्चिम मोहडा) ठूलो राष्ट्रिय झण्डा गाडियो । त्यस हलमा पुग्न प्रयोग हुने भन्याङमा आखेटोपहारका जनावरका सिङ, टाउको, छाला आदिले सिंगारिएको थियो । ती अवैध मानिने हुँदा हटाउन लगाइएको थियो । राजदूतको प्रमाणपत्र बुझाउने पहिलो चिनियाँ राजदूत थिए, उनलाई भद्रकालीदेखि अगाडि पछाडि रिसल्लाको सम्मानसाथ ल्याइएको थियो ।

प्रमाणपत्र बुझेपछिको चियापान पनि बेलायती बैठकमा हुन थाल्यो । केही राजदूतहरूले प्रमाणपत्र बुझाएपछि हलको अवस्था जीर्ण भएको प्राविधिकहरूले भनेपछि पुनः बन्द गरिएको थियो । नेपाल सरकार र नेकपा (माओवादी) बीच २०६३ मंसिर ५ मा भएको विस्तृत शान्ति सम्झौताको बुँदा ३.३ मा मुलुकको शासन व्यवस्थासम्बन्धी कुनै पनि अधिकार राजामा नरहने । स्वर्गीय राजा वीरेन्द्र र रानी ऐश्वर्य र निजहरूका परिवारको सम्पत्ति नेपाल सरकारको मातहत ल्याई ट्रष्ट बनाएर राष्ट्रहितमा प्रयोग गर्ने । राजाको हैसियतमा राजा ज्ञानेन्द्रलाई प्राप्त सबै सम्पत्तिहरू राष्ट्रियकरण गर्ने । राजसंस्था कायम राख्ने वा नराख्नेबारे संविधानसभाको पहिलो बैठकद्वारा सामान्य बहुमतले टुङ्गो लगाउनेजस्ता प्रावधानहरू रहनाले राजसंस्था 'सस्पेन्ड' मात्र होइन करिब अन्त नै भइसकेको बुझ्न सकिन्थ्यो । यी सन्दर्भ बुझेर पनि राजा ज्ञानेन्द्र शीर्ष नेताहरूबीच राजा राख्नेमा गोप्य सहमति भएको र यो कार्यान्वयन हुन्छ भनेर ढुक्क हुनुलाई उनमा राजनीतिक सुझबुझ नभएको मान्नुपर्छ । अहिले पनि उनी र उनी निकटकाहरू उक्त गोप्य समझदारीको उल्लंघन भएको भन्ने गर्दछन् ।

संविधानसभाको निर्वाचन २०६४ जेठ महिनाभित्र सम्पन्न गर्ने शान्ति सम्झौतामा उल्लेख भए पनि नेकपा माओवादीकै कारण सर्दै २०६४ चैत २८ गते सम्पन्न हुन सकेको थियो । निर्वाचनपश्चात् प्रत्यक्ष निर्वाचित र समानुपातिक गरी ६०१ जनाको संविधानसभाको घोषणा निर्वाचन आयोगले गर्‍यो । यति ठूलो संख्याको संविधानसभाको लागि अन्तर्राष्ट्रिय सम्मेलन केन्द्र मात्र उपयुक्त देखियो । त्यहाँ बैठक सञ्चालन गर्न सुरक्षाको दृष्टिकोणले सुरक्षा पोस्ट बनाउन र वरिपरी कन्सोर्टिना तार राख्ने काम नेपाल प्रहरीले रातारात सम्पन्न गरेको थियो ।

२०६५ जेठ १५ मा संविधान सभाको पहिलो बैठक आह्वान भयो । यो ऐतिहासिक क्षण अविस्मरणीय बनाउन सभाहल बेहुली झैं सिंगारि एको थियो । उक्त दिन कूटनीतिक नियोगका विदेशी प्रतिनिधिहरू, नेपालका लब्धप्रतिष्ठित व्यक्तित्वहरू, पत्रकारहरूलगायतलाई निमन्त्रणा गरिएको थियो ।

*(साभार: बाह्रखरी)*

# मौसम पूर्वानुमानमा प्रविधि न जनशक्ति, अकल्पनीय क्षतिको डर

काठमाडौं/पूर्व सूचना नपाएकै कारण कसैले पनि जनधनको क्षति व्यहोर्नु नपरोस् भनेर संयुक्त राष्ट्रसंघले सन् २०२२ मा 'अर्ली वार्निङ फर अल' नामको पाँचवर्षे योजना अघि सार्‍यो । सो योजना अन्तर्गत सन् २०२७ भित्र सबैलाई पूर्वचेतावनी प्रणालीको पहुँचमा पुर्‍याइसक्ने लक्ष्य छ । संयुक्त राष्ट्रसंघका अनुसार पचास प्रतिशत देशसँग अझै पनि पूर्वचेतावनी प्रणाली छैन । यसमा अधिकांश विकासशील, गरिब, साना, टापु देशहरु छन् । प्रारम्भिक चेतावनी नभएकाले यस्ता देशहरुमा बर्सेनि जनधनको ठूलो क्षति हुने गरेको छ ।

संयुक्त राष्ट्रसंघ अन्तर्गतको विश्व मौसम संगठन (डब्ल्यूएमओ)को रिपोर्ट अनुसार १०१ देशमा अझै पनि मौसमसम्बन्धी प्रारम्भिक चेतावनी प्रणाली छैन । विगत ५० वर्षको अवधि (सन् १९७० देखि २०१९) मा पानी सम्बन्धी प्रकोप पाँच गुणाले वृद्धि हुँदा ४.३ ट्रिलियन डलर बराबरको क्षति भएको छ भने २० लाख मानिसहरुको मृत्यु भएको छ । मृतकहरुमध्ये ९० प्रतिशत विकासशील राष्ट्रका नागरिक छन् ।

जलवायु परिवर्तनले विश्वव्यापी रुपमा पारिरहेको नकारात्मक असरले नेपाल पनि अछुतो छैन । फरक-फरक भूबनोट भित्र फरक-फरक हावापानीको विशेषता भएको नेपाल पनि जलवायु परिवर्तन र मानवीय गतिविधिका कारण विपद्को अति जोखिमयुक्त देश मानिन्छ । नेपालको मौसम झन् विषम र अनिश्चित बन्दै गइरहेको छ ।

यसै सन्दर्भमा नेपाल पनि संयुक्त राष्ट्रसंघको सदस्य भएकाले पूर्व चेतावनी प्रणाली विकास गर्न तदनुरुपको प्रविधि, जनशक्ति, योजना र नीति निर्माणमा सक्रिय छ । तर, त्यसको प्रतिफल देखिने गरी काम भएको छैन । भएका काम पनि अपरिपक्क देखिन्छन् ।

जल तथा मौसम विज्ञान विभागका महानिर्देशक डा. जगदिश्वर कर्माचार्य भन्छन्, 'हामीले प्रविधि त भित्रायौं तर त्यसअनुसार दक्ष प्राविधिक जनशक्ति व्यवस्थापन गर्न सकेनौं ।' यद्यपि जल तथा मौसम विज्ञान र मौसम पूर्वानुमान महाशाखाका मौसमविदहरुको क्षमता बढाउने उद्देश्यले फिनल्याण्ड लगायतका देशहरुले तालिम दिने गरेका छन् । तर कतिपय सेवानिवृत्त हुने र कतिपय सरुवा तथा अध्ययन बिदामा बस्ने भएकाले सधैंभरी कर्मचारीको अभाव हुने गरेको छ । उदाहरणको लागि मौसमी राडारको तथ्यांकलाई विश्लेषण गर्न सक्ने तीन जना कर्मचारीहरुमध्ये दुई जना अध्ययन बिदा र सरुवाका कारण विभाग बाहिर छन् ।

विभागले महंगो खर्चमा किनिएका तीनवटै राडारहरु बिग्रिए पनि मर्मत गर्न सकेको छैन । मौसम मापन केन्द्रमा नियमित मर्मत सम्भारको काम हुन सकेको छैन । चट्याङको सूचना दिने उपकरण पनि काम नलाग्ने भएका छन् । हावापानीको अवस्थाबारे सूचना लिन दैनिक उडाउने गरिएका बेलुनहरु सकिएका छन् । अर्कोतर्फ मौसमी अवस्थाको सूचना दिने 'वेदर स्टेसन'हरु त छन् तर सबै स्वचालित छैनन् । ती पनि धेरैजसो सुगम क्षेत्रमा छन् । सम्भावित मौसमी अवस्था भविष्यवाणी गर्न आवश्यक पर्ने पुराना तथ्यांकहरु छैनन् । उपकरणहरुबाट नियमित तथ्यांक प्राप्त गर्न नसक्ने र प्राप्त तथ्यांक पनि विश्लेषण गर्न सक्ने जनशक्ति अभावबाट मौसम विज्ञान विभाग गुज्रिरहेको छ । आफैं अनेकौं नीतिगत र प्राविधिक समस्याबाट गुज्रिरहेको विभागले सम्भावित जोखिम क्षेत्रका बासिन्दालाई स्थानगत सही सूचना समयमै प्रवाह गर्न सकिरहेको छैन । आन्तरिक हवाई रुटको मौसम पूर्वानुमान गर्नसमेत विभागले सकेको छैन । यसको कारणबारे वरिष्ठ मौसमविद शिव प्रसाद नेपाल भन्छन्, 'मुख्य कारण प्रविधि र जनशक्तिकै अभाव हो ।'

**छैन प्राथमिकता**

आफ्नै अध्ययन र दक्षिण एसियाली जलवायु दृष्टिकोण मञ्च (सास्कोफ) को निष्कर्षका आधारमा



विभागले २०८१ सालको मनसुन अवधि (१३ जुन-२ अगष्ट) मा नेपालका अधिकांश स्थानमा सरदरभन्दा बढी वर्षा हुने प्रक्षेपण सार्वजनिक गरेको छ ।

विभागको सोही प्रक्षेपणको आधारमा गृह मन्त्रालय मातहतको राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणले यस वर्षको मनसुन अवधिमा ४ लाख बढी घरधुरीका १८ लाख बढी व्यक्ति प्रभावित हुने आँकलन गरेको प्राधिकरणका प्रवक्ता डा. डिजन भट्टराई बताउँछन् ।

सन् १८८२ देखि भारत हुँदै नेपालमा मनसुन पूर्वानुमान गर्न थालिएको इतिहास छ । युरोपमा र हिमालय क्षेत्रमा हुने हिउँको आधारमा गरिने त्यतिबेलाको मनसुन पूर्वानुमान कहिले मिल्ने र कहिले नमिल्ने हुन्थ्यो । सूचना प्रविधिको विकाससँगै मौसम पूर्वानुमानलाई वैज्ञानिक बनाउने क्रममा सन् २०१० देखि दक्षिण एसियामा र सन् २०२० देखि नेपालमा ऋतुगत मनसुन पूर्वानुमान थालिएको थियो ।

वरिष्ठ मौसमविद् मणिरत्न शाक्य आफ्नो चालीस वर्ष अघिको जागिरे जीवनको तुलनामा अहिले नेपालले मौसम पूर्वानुमानमा आधुनिक प्रविधिको प्रयोग गर्न थाले पनि अझै अपर्याप्त भएको बताउँछन् । 'हामीले जमिनमा बसेर आकासको कुरा गर्नुपर्छ । देशविदेशको मौसमी अवस्था हेर्नुपर्छ । त्यसका लागि आधुनिक प्रविधि र वैज्ञानिक विधि छ । नेपालमा सकेसम्म राम्रो प्रयास भइरहेको छ । तर अझै प्राथमिकता नपुगिरहेको देख्छु,' शाक्य भन्छन् ।

मौसमविदहरुका अनुसार मौसम मापन सेन्सरहरु केन्द्रमा जडान गरिसकेपछि गुणस्तरीय तथ्यांक मापनका लागि कम्तिमा वर्षमा एकचोटी ती सेन्सरहरुको अवस्था फिल्डमै गएर जाँच गर्नुपर्ने हुन्छ र आवश्यक भएमा क्यालिब्रेसन ल्याबमा जाँच गर्नुपर्ने हुन्छ । तर जल तथा मौसम विज्ञान विभागले बजेट र दक्ष जनशक्ति अभावलाई कारण देखाउँदै भएका उपकरणको समेत नियमित मर्मत सम्भारसमेत गर्न सकेको छैन ।

'फिल्डमा जान आवश्यक बजेट तथा जनशक्ति अभावमा पुराना र नियमित जाँच नभएका सेन्सरले मापन गरेको तथ्यांकलाई नै विश्वास गर्नुपर्ने अवस्था छ,' जल तथा मौसम विज्ञान विभागको उपकरण क्यालिब्रेसन तथा व्यवस्थापन शाखा प्रमुख डा.इन्दिरा कँडेल भन्छिन्, 'सेन्सर पुरानो हुँदा यसको कार्य क्षमतामा ह्रास आई गुणस्तरीय तथा भरपर्दो तथ्यांक मापन हुन सक्दैन । सही तथ्यांक मापन नभए पूर्वानुमान तथा विकास आयोजनाहरुमा सोचे अनुरुपको सफलता प्राप्त नहुनसक्छ ।'

गत आर्थिक वर्ष २०७९/०८० को तुलनामा चालु आर्थिक वर्ष २०८०/०८१ मा जल तथा मौसम विज्ञान विभागको बजेट कम थियो । विभागलाई सरकारले २०८०/८१ मा चालु खर्चतर्फ २१ करोड ३१ लाख र पुँजीगततर्फ ५९ करोड ३७ लाख रुपैयाँ बजेट उपलब्ध गराएको थियो । आर्थिक वर्ष २०७९/०८० मा भने चालु खर्चतर्फ २६ करोड २५ लाख र पुँजीगततर्फ ६२ करोड ५८ लाख रुपैयाँ बजेट विनियोजन भएको थियो ।

बजेटको अधिकांश हिस्सा कर्मचारीहरुको तलब भत्ता र नियमित कार्यालय सञ्चालनमा खर्च हुने हुँदा अनुसन्धान, कर्मचारीको क्षमता वृद्धि लगायतमा कामै गर्न नसकिने विभागका अधिकृतहरुको भनाइ छ । उनीहरुका अनुसार चालु आर्थिक वर्ष मौसम मापन केन्द्रहरुको अनुगमन तथा निरीक्षणका लागि भनेर ५ लाख रुपैयाँ मात्र बजेट थियो ।

**विश्वसनीयतामा प्रश्न**

मौसमविदहरुका अनुसार ऋतुगत मौसम पूर्वानुमान (सिजनल फरकास्टिङ) स्टाटेस्टिकल, डायनामिकल र हाइब्रिड विधिमा गर्ने विश्वव्यापी प्रचलन छ । डायनामिकल विधिबाट एकदेखि दुई वर्षसम्मको पनि मौसम पूर्वानुमान गर्न सकिने वरिष्ठ मौसमविद विभूति पोखरेल बताउँछिन् । तर नेपालमा स्टाटिस्टिकल मोडेल प्रयोग हुँदै आएको छ ।

'मेसिनले नै डाटा पढेर रिजल्ट दिने प्रविधि विकास भइसकेका बेला हामी बल्ल गणितीय मोडेल पछ्याइरहेका छौं,' मौसमविद सुदर्शन हुमागाइँ भन्छन्, 'हामीसँग हाम्रो छुट्टै मोडल पनि छैन, स्टाटिस्टिकल (न्युमेरिकल) मेथडमा मात्र भर परि रहेकाले यो हाम्रो धेरै नै सुरुवाती अवस्था हो भन्न सकिन्छ ।'

सम्भावित मौसमी अवस्थाबारे बुझ्न नेपालका मौसमविद्ले जापानको हिमावारी स्याटेलाइटको पनि सहारा लिने गरेका छन् । साथै विश्वव्यापी र क्षेत्रीय स्तरमा जलवायु आँकलन गर्ने प्रणालीहरु, नेपालको जलवायुमा प्रभाव पार्ने क्लाइमेट राइभर्स (टेलिकनेक्सन) र नेपालको विगत ३० वर्षको तथ्यांकसँग वर्तमानको सम्बन्धलाई तुलना गरेर मौसम प्रक्षेपण हुने गरेको छ ।

तर आफ्नै देशभित्रको उत्तरी हिमालय क्षेत्रको कम्तिमा ३० वर्षसम्मको तथ्यांक नहुँदा, विश्वव्यापी मोडेलका तथ्यांक प्राप्त गर्न नसक्दा र पुरानो गणितीय मोडेलमा भर पर्नुपर्दा निकै अप्ठेरो हुने गरेको मौसमविदहरुको अनुभव छ । त्यसैले भविष्यवाणी कहिलेकाहिँ नमिल्ने उनीहरु बताउँछन् ।

उदाहरणको रुपमा गत हिउँदे अवधिको वर्षाको प्रक्षेपण ठीक विपरीत भएको थियो । हिउँद अवधिमा नेपालका अधिकांश स्थानमा सरदरभन्दा बढी वर्षा हुने भनिएकोमा हिउँदयाम चरम सुख्खा भएको थियो । जलवायु परिवर्तनका कारण विश्वव्यापीरुपमा मौसमी परि घटनाहरुमा छिटोछिटो बदलाव आइरहेको बेला पुरानो मोडेल अपनाउनुपर्ने, देशभित्रकै पुराना तथ्यांकसमेत उपलब्ध नभएकाले पूर्वानुमानमा गाह्रो हुने गरेको मौसमविदहरु बताउँछन् ।

मौसमविद सुदर्शन हुमागाइँ भन्छन्, 'हामीलाई धेरै नै अप्ठ्यारो के मानेमा छ भने उत्तरी भेगका हाइअल्टिच्युडका पुराना तथ्यांकहरु हामीसंग हुनुपर्थ्यो । हामीले विश्वव्यापी मोडलहरुबाट तथ्यांकहरु पाउनुपर्थ्यो, त्यो छैन । सित्तैमा पाइने थोरै तथ्यांकहरु मात्रै हामी पाउँछौं । अरु तथ्यांक किन्नुपर्ने हुन्छ वा एमओयू गरेर लिनुपर्ने हुन्छ ।'

अर्की वरिष्ठ मौसमविद पोखरेल भन्छिन्, 'हामीसँग स्टेसन नभएको होइन, तर लङटर्म डाटा (कम्तिमा ३० वर्षको डेटा) र हाइअल्टिच्युडमा हाम्रो अब्जरभेसन धेरै नै कम छ, कतिपय डेटा त मिसिङ पनि छ ।'

पर्याप्त तथ्यांक नहुँदा र उपलब्ध तथ्यांकको पनि सटिक विश्लेषण गर्नसक्ने दक्ष प्राविधिक जनशक्ति समेत नहुँदा अपेक्षाअनुरुप काम गर्न नसकिएको मौसमविदहरु स्वीकार गर्छन् । वरिष्ठ मौसमविद शान्ति कँडेल भन्छिन्, 'हामीले १५-२० वर्ष अघिका जनशक्तिबाटै काम चलाइरहनु परेको छ । तर हामी सक्दो गरिरहेका छौं ।'

**कति छन् मौसम मापन केन्द्र ?**

जल तथा मौसम विज्ञान विभागको हावापानी तथ्यांक तथा नेटवर्क शाखाबाट उपलब्ध तथ्यांक अनुसार सरकारी तहबाट राखिएका अटोमेटिक वेदर स्टेसन (एडब्ल्यूएस) अर्थात् स्वचालित मौसम केन्द्रहरु १७२ वटा छन् । ती केन्द्रहरुमा जडान भएका सेन्सरहरुमार्फत् तापक्रम, सापेक्षित आद्रता, वायुमण्डलीय चाप, हावा र पानी स्वचालित ढंगले मापन हुन्छ ।

यसैगरी टिपिङ बकेट स्टेसन (टिपीबी) अर्थात् स्वचालित वर्षा मापन केन्द्रहरु १६८ वटा छन् । ती केन्द्रहरुमा वर्षाको मात्र मापन हुन्छ । स्वचालित मौसम मापन केन्द्रहरुमध्ये पनि झण्डै ७५ वटा हाल बन्द अवस्थामा छन् ।

सिनोप्टिक ८ र एरोसिनोप्टिक १४ गरी जम्मा २२ वटा स्टेसन छन् । तीमध्ये १७ वटाका तथ्यांकहरु जीपीएसको माध्यमबाट विश्व मौसम विज्ञान संगठन (डब्ल्यूएमओ) सहित विश्वभर पुग्छ । अन्य स्टेसनका तथ्यांकहरु भने नेपालभित्र सीमित छन् ।

स्वचालित स्टेसनबाट तथ्यांकहरु कम्प्युटराइज्ड सिस्टममा हेर्न सकिन्छ, तर म्यानुअल तथ्यांकहरु मान्छेले नै मापन गरेर हेर्नुपर्छ । त्यो कामका लागि म्यानुअल स्टेसनमा वर्षा र तापक्रम मापन गर्न दैनिक ७० रुपैयाँ दिने गरी ज्यालादारी कर्मचारीहरु राखिएका छन् । म्यानुअल स्टेसनमा प्राविधिक कर्मचारीहरुले हरेक दिन मापन गर्नुपर्ने प्रक्रिया झन्झटिलो भएकाले तथ्यांक पनि अनियमित हुने गरेको विभागका कर्मचारीहरु बताउँछन् ।

'हरेक दिन दुई पटक स्केलले नापेर केन्द्रीय कार्यालयमा तथ्यांक टिपाउनुपर्छ,' एक कर्मचारीले भने, 'त्यो जिम्मेवारी पूरा गर्नुपर्ने भएकाले एक दिन पनि घरबाट टाढा जान सकिँदैन । कहिलेकाहिँ त अरु काममा व्यस्त हुँदा नाप लिन पनि बिर्सिन्छ ।'

विभागको उपकरण क्यालिब्रेसन तथा व्यवस्थापन शाखाका अधिकृत सन्नी महर्जनका अनुसार झन्झटिला त्यस्ता म्यानुअल वेदर स्टेसनहरुलाई स्वचालितमा स्तरोन्नती गर्ने काम भइरहेको छ । 'स्तरोन्नतीको धेरैजसो काम चालु आर्थिक वर्षभित्रै सक्ने लक्ष्य छ,' महर्जन भन्छन्, 'स्वचालित भयो भने धेरै हदसम्म अहिलेका समस्या समाधान हुन्छन् भन्ने विश्वास छ ।'

देशभरका मौसम स्टेसनहरुबाट प्राप्त विवरण र भूउपग्रहका तस्वीरका आधारमा मौसमविदहरुले मौसमी अवस्थाबारे जानकारी दिन्छन् । सामान्य मौसमी अवस्थामा जल तथा मौसम विज्ञान विभागको मौसम पूर्वानुमान महाशाखाले हरेक दिन बिहान र साँझ दुईपटक बुलेटिन निकालेर मौसमी अवस्थाबारे जानकारी दिने गर्दछ । विशेष अवस्थामा भने विशेष बुलेटिन जुनसुकै बेला पनि सार्वजनिक हुने गरेको छ । मनसुन अवधिमा मेट्रोलोजी र हाइड्रोलोजी दुवैतर्फका मौसमविदहरुले चौबिसै घण्टा सेवा दिन्छन् ।

हाल सञ्चालित मौसम स्टेसनहरु धेरैजसो सुगम क्षेत्रमा र भाडाका संरचनामा छन् । उच्च हिमाली क्षेत्रमा भने भौगोलिक कठिनाइका कारण मौसम स्टेसन राख्न नसकिएको र भएकाहरुलाई पनि मर्मत गर्न नसकिएको विभागका अधिकारीहरु बताउँछन् ।

वरिष्ठ मौसमविद विभूति पोखरेल भन्छिन्, 'तराई तथा पहाडी भूभागमा मौसम अवलोकन केन्द्रका तथ्यांकहरु उपलब्ध भए तापनि उच्च हिमाली भूभागमा अवलोकन केन्द्र सञ्चालन गरेर अवलोकन केन्द्रहरुबाट वर्षौंको (कम्तिमा ३० वर्षको) तथ्यांक लिन सक्नु आफैंमा चुनौतीपूर्ण छ ।'

पोखरेल भन्छिन्, 'जलवायु परिवर्तनका कारण वायुमण्डलमा व्यापक परिवर्तन भइरहेकाले मौसम अवलोकन केन्द्रका तथ्यांकहरुसँग परीक्षण गर्न नसके पूर्वानुमानलाई न थप परिष्कृत बनाउन सकिन्छ, न त्यो पूर्वानुमानले एक्युरिसी बढाउँछ ।'

**करोडौंका राडार बिग्रिए, जनशक्ति थपिएनन्**

नेपालमा मौसमी अवस्थाबारे चासो राख्नेहरु बढेका छन् । सर्वसाधारणदेखि सञ्चार माध्यमहरुले पनि मौसमका सूचना तथा समाचारहरुलाई प्राथमिकतामा राख्ने गरेका छन् । त्यसैले नेपालका मौसमविदहरुको जिम्मेवारी र चुनौती दुवै बढेको छ ।

चरम मौसमी घटनाबाट जनधनको क्षतिको आँकलन गर्न वायुमण्डलीय गतिविधिलाई नजिकबाट नियाल्नु जरुरी छ । त्यसका लागि सटिक तथ्यांक र त्यसको सटिक विश्लेषण आवश्यक पर्दछ । त्यसैले तथ्यांक संकलनका लागि जल तथा मौसम विज्ञान विभागले २०-२० करोड खर्च गरेर अत्याधुनिक राडार किन्यो । त्यसमा करिब पाँच-पाँच करोड थप खर्च गरेर कर्णाली प्रदेशको सुर्खेत, लुम्बिनी प्रदेशको पाल्पा र कोशी प्रदेशको उदयपुरमा ती राडार जडान गर्‍यो ।

सुर्खेतको रातानाङ्लामा नेपालमै पहिलोपटक स्थापना गरिएको मौसमी राडारको उद्घाटन १७ मंसिर २०७६ मा तत्कालीन ऊर्जामन्त्री वर्षमान पुनले गरेका थिए । तर त्यो राडार हालसम्म पनि बन्द छ । पाल्पा र उदयपुरमा गत वर्षमात्र राडार जडान गरिएका थिए । ती पनि नियमित सन्चालनमा आउन सकेका छैनन् ।

'चट्याङ लाग्ने लगायतका कारण सुर्खेतको राडार पूरै बन्द छ,' जल तथा मौसम विज्ञान विभागका महानिर्देशक डा.जगदिश्वर कर्माचार्यले संचारकर्मीसँग भने, 'पाल्पा र उदयपुरका कहिले चल्छन्, कहिले चल्दैनन् ।' जल तथा मौसम विज्ञान विभागले अमेरिकी कम्पनी इन्टरप्राइज इलेक्ट्रोनिक कर्पोरेसन (ईईसी)सँग ती राडारहरु किनेर जडान गरेको थियो ।

खरिद प्रक्रियामा ती राडारहरुमा दुई वर्षको वारेन्टी हुने र वारेन्टी अवधिभर हरेक ६-६ महिनामा मर्मत गरिदिने उल्लेख छ । सुर्खेतको राडारको वारेन्टी सकिइसकेको छ । पाल्पा र उदयपुरका राडारमा भने अझै करिब एक वर्ष वारेन्टी बाँकी छ । वारेन्टी बाँकी हुँदा पनि सम्झौता अनुसार मर्मत सम्भारको काम हुन सकेको छैन ।

राडार मर्मत गर्न सक्ने दक्ष प्राविधिक नेपालमा नभएका र अमेरिकी कम्पनीबाटै बोलाउनुपर्ने बाध्यता रहेकाले ढिलासुस्ती हुने गरेको जल तथा मौसम विज्ञान विभागका महानिर्देशक कर्माचार्य बताउँछन् । 'वारेन्टी कभर गरे पनि मर्मत गर्न विज्ञ प्राविधिकहरु अमेरिकाबाटै आउनुपर्छ, नेपालमा त्यस्ता विज्ञहरु छैनन् । जसले राडार सप्लाइ गर्‍यो, उसैले मात्रै गर्नसक्छ । त्यसकारण काममा ढिलासुस्ती हुने गरेको छ,' कर्माचार्यले भने, 'चट्याङ लगायतका कारणले राडारमा बरोबर समस्या आइराखेको छ । राम्ररी चलिराखेको छैन ।' विभागका अनुसार सुर्खेत, पाल्पा र उदयपुरमा जडान गरिएका तीनवटै राडारहरु अत्याधुनिक प्रविधियुक्त हुन् ।

*(स्रोत: अनलाइनखबर)*

# 'पूजार सार्की'को सानदार ओपनिङ, हलमा देखियो तीन स्टारको क्रेज

काठमाडौं/बुद्ध जयन्तीको विदा पारेर बिहीबारदेखि प्रदर्शनमा आएको फिल्म 'पूजार सार्की'ले घरेलु बक्स अफिसमा सानदार ओपनिङ गरेको छ । फिल्मलाई देशभरका हलमा दर्शकको उत्साहजनक साथ देखियो । बिहान ४०/५० प्रतिशत हाराहारी अकुपेन्सी कायम गरेको फिल्मले मध्यान्हबाट दर्शकको चाप बढाएको थियो । दिउँसो र रात्रिकालिन प्राय: शोजमा फिल्मको शतप्रतिशत अकुपेन्सी रह्यो ।



देशको सबैभन्दा ठूलो मल्टीप्लेक्स चेन क्यूएफएक्सको काठमाडौंसहित मोफसल अन्तर्गत दमौली, विराटनगर, इटहरी, नेपालगञ्ज, नारायणगढ, विर्तामोडका हलमा फिल्मलाई प्राप्त शोजमा उल्लेख्य मात्रामा दर्शकको उपस्थिति देखिएको थियो । काठमाडौंका बिग मुभिज, वान् सिनेमाज्, एफक्युब, बिएसआर जस्ता ठूला मल्टीप्लेक्समा पनि फिल्मले बिहीबार आकर्षक व्यापार गरेको छ ।

सिंगल थिएटरहरुमा समेत फिल्म हेर्ने दर्शकको चाप उच्च थियो । बालाजुस्थित अष्टनारायण हलको मध्यान्ह साढे ४ बजेको शोजमा तीनवटा हल हाउसफुल भएका थिए । जसमा एक हजार भन्दा बढी दर्शकको उपस्थिति थियो । त्यहाँका दर्शकहरुसँग साक्षात्कार गर्न फिल्मका तीन 'स्टार'हरु आर्यन सिग्देल, प्रदीप खड्का र पल शाह एकसाथ अष्टनारायण पुग्दा अद्भूत क्रेज देखिएको थियो ।

फिल्मका कलाकारहरुले बिहानैदेखि काठमाडौंका विभिन्न हलहरु पुगेर दर्शकसँग भेट गरेका थिए । आर्यन, प्रदीप र पल एकसाथ हलमा पुग्दा दर्शकको भीड नियन्त्रण गर्नै निर्माण टिमलाई हम्मेहम्मे परेको हुन्थ्यो । उनीहरुसँग तस्वीर खिच्न चलेको हानाथाप उस्तै थियो । यसले एकपटक फेरि उनीहरुको स्टारडम प्रमाणित गरेको छ । तीनै स्टारको अभिनयलाई पनि दर्शकले मनपराएका छन् ।

फिल्मको रिलिजकै लागि 'रावायण'को छायांकन रोकेर बिहीबार बिहान सर्लाहीबाट काठमाडौंमा आइपुगेका पल दर्शकको साथले बेग्लै रमाइलो महसुस भएको अनुभव सुनाए । 'मैले २ वर्षपछि दर्शकसँग बसेर यसरी फिल्म हेरेको हुँ । र, दर्शकले यो किसिमले साथ दिएको देख्दा रमाइलो र खुसी महसुस भइरहेको छ । दर्शकले प्रतिक्रिया पनि एकदमै राम्रो दिइरहनुभएको छ,' उनले भने ।

प्रदीपले फिल्मबाट दर्शक सन्तुष्ट भएको देख्दा आनन्द लागेको बताए । उनले भनेका छन्, 'फिल्म हेरेर दर्शक सन्तुष्ट देखिनुभएको छ । त्यो नै हाम्रो सफलता हो । हामी जे कुरामा कन्भिन्स्ड थियौं, त्यो कुरा जस्ताको त्यस्तै आएको छ । अब यसले लामो समयसम्म आफ्नो प्रभाव छाड्छ भन्नेमा म विश्वस्त छु ।' आर्यनले भने दर्शकले दिएको साथलाई फिल्मको सफलताको सुरुवात मानेका छन् ।

फिल्मका वितरक रोहित कट्टेलले बिहीबारको व्यापार एकदमै राम्रो भएको दाबी गरे । उनले भने, 'आज हामीले सोचेकोभन्दा पनि राम्रो व्यापार भयो । देशभर फिल्मलाई प्राप्त शोजहरु प्राय: सबै हाउसफुल भए । फिल्मप्रति दर्शकको क्रेज हेर्दा आगामी दिनमा पनि आक्रामक व्यापार यथावत् रहनेमा विश्वस्त छौं ।' फिल्मको बिहीबारको कलेक्सन एक करोडमाथि हुने आँकलन गरिएको छ ।

जातीय विभेदविरुद्धको कथामा आधारित भएर बनेको फिल्मलाई दर्शकहरुबाट बलियो 'वर्ड अफ माउथ' मिलेको छ । विशेषगरी फिल्मको पहिलो हाफ र क्लाइमेक्सलाई दर्शकले बुलन्द भनेका छन् । अब यसको प्रभाव फिल्मको आगामी दिनको व्यापारमा पर्ने आँकलन गरिएको छ । दिनेश राउतको निर्देशनमा तयार भएको फिल्ममा अञ्जना बराइली र परीक्षा लिम्बूको मुख्य भूमिका छ ।

# 'गाउँ आएको बाटो'को ट्रेलर : गाउँमा सडक र गाडी आएपछिको कथा

काठमाडौं/'नुमाफुङ' जस्तो मास्टरपिस फिल्म दिएका नवीन सुब्बाको कमब्याक फिल्म 'गाउँ आएको बाटो'को ट्रेलर सार्वजनिक गरिएको छ । बिहीबार काठमाडौंमा एक कार्यक्रमबीच सार्वजनिक साढे ३ मिनेट लम्बाईको ट्रेलरले फिल्मको कथावस्तुबारे प्रकाश पार्छ । पूर्वी नेपालको एउटा गाउँमा सडक र गाडी पुगेपछि आएको परिवर्तन र त्यसले पारेको असरको कथा फिल्मले भन्ने ट्रेलरले बुझाउँछ ।



अभिनेता दयाहाङ राईको पात्र बाँसको चोयाबाट डोकोडालो, नाङ्लो बनाएर जीविकोपार्जन गर्छ । श्रीमती र एक छोरासँग उसको जीवन जेनतेन चलेको छ । जब गाउँमा सडक र गाडी आउँछ तब उसको पेशा संकटमा पर्छ । गाउँमा बजारका रेडिमेड वस्तुको प्रयोग बढेपछि बाँसबाट बनेका सामाग्री बिक्री हुन छाड्छन् । त्यसपछि दयाहाङको पात्रले गर्ने संघर्षलाई ट्रेलरमा देखाइएको छ ।

यही जेठ २५ गतेदेखि प्रदर्शनमा आउने तयारीमा रहेको फिल्ममा दयाहाङको श्रीमतीको भूमिका पशुपति राईले निर्वाह गरेकी छन् भने छोराको भूमिकामा प्रसान राईले अभिनय गरेका छन् । ट्रेलरमा प्रसानको अभिनयले ध्यान खिच्छ । यो फिल्मले २० वटाभन्दा बढी अन्तर्राष्ट्रिय फेस्टिभलमा सहभागिता जनाइसकेको छ । यसले गर्दा पनि फिलमप्रति घरेलु दर्शकहरुमा उच्च अपेक्षा देखिन्छ ।

फिल्ममा खानुमा राई, केशव राई, प्रमिशा राई, प्रेम सुब्बा आदिको पनि अभिनय छ । महेश राईको कथा रहेको फिल्मको पटकथा लेखनमा उनलाई निर्देशक सुब्बाले सघाएका छन् । फिल्मको निर्माता अमोद राई र नवीन सुब्बा हुन् भने सञ्जु राई, देवराज राई, नरहाङ राई र भीम राई कार्यकारी निर्मातामा छन् । दयाहाङ 'गाउँ आएको बाटो'लाई आफ्नो करिअरको उत्कृष्ट फिल्म मान्छन् ।

# 'लण्डन टू पेरिस' चल्नुपर्ने दबाबमा साम्राज्ञी

काठमाडौं/पहिलो फिल्म 'ड्रिम्स'बाटै 'स्टार' कहलिएकी थिइन्, साम्राज्ञी राज्यलक्ष्मी शाह । दोस्रो फिल्म 'ए मेरो हजुर २'को सफलताले उनको करिअर झनै उत्कर्षमा पुर्‍यायो । तेस्रो फिल्म 'इन्टु मिन्टु लण्डनमा' पनि सफल भएपछि उनी 'डिमान्डेड' बनिन् । त्यसबेला उनले चलेका हिरोबराबर पारिश्रमिक बुझ्ने गरेकी थिइन् । तर, श्रृंखलाबद्ध विवाद र फिल्म छनोटमा चुक्दा उनको स्टारडम नै खस्कियो ।



गएको ५ वर्षमा फ्लपमा 'डबल ह्याट्रिक' गरेकी साम्राज्ञीलाई गत वर्ष प्रदर्शन भएको फिल्म 'नाङ्गो गाउँ'ले केही हदसम्म राहत दियो । तर, यसको सफलताको श्रेय उनले भन्दा दयाहाङ राई र मिरुना मगरले पाए । अब उनलाई ठूलो आशा भनेको फिल्म 'लण्डन टू पेरिस'लाई लिएर छ । किनकि, यो फिल्म उनकै काँधमा छ । र, फिल्मले सफलता पाउँदा त्यसको फाइदा उनलाई नै बढी हुनेछ ।

साम्राज्ञीका लागि 'लण्डन टू पेरिस' चल्नैपर्ने देखिन्छ । उनलाई एकातिर आफ्नो गुम्दो स्टारडम बचाउनुपर्ने चुनौती छ भने अर्कोतिर असफलताको श्रृंखला रोक्नुपर्ने दबाब पनि छ । यसैले उनको करिअरकै लागि यो फिल्मको नतिजा अर्थपूर्ण रहनेछ । यही फिल्मले उनको आगामी यात्रा तय गर्ने विश्लेषण भैरहेको छ । यो फिल्म सफल भएको खण्डमा उनको दबदबा फेरि बढ्नेमा दुईमत छैन ।

यही जेठ २५ गतेबाट सार्वजनिक प्रदर्शनमा आउन लागेको फिल्ममा साम्राज्ञीको जोडी डेब्यु अभिनेता निश्चल खड्कासँग बाँधिएको छ । यसअघि सार्वजनिक टिजरमा उनीहरुको केमेस्ट्रीलाई दर्शकले रुचाएको देखिन्छ । घनश्याम लामिछानेको निर्देशनमा तयार भएको यो फिल्मबाट चर्चित मोडल गरिमा शर्माले समेत डेब्यु गरेकी छन् । उनका लागि पनि यो फिल्मको सफलता अनिवार्य छ ।

के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?

Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

Printer Shop
The complete office solution

Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4
tonerhouse_htd@yahoo.com

# नेका उपसभापति गुरुङले भने, ‘कम्युनिष्ट पार्टीले रविको संरक्षण गरे’

साझाकुरा संवाददाता

हेटौंडा, १० जेठ/नेपाली कांग्रेसका उपसभापति एवम् पूर्वकानुन, न्याय तथा संसदीय मामिलामन्त्री धनराज गुरुङले गृहमन्त्री रवि लामिछानेको घटनामा कम्युनिष्ट पार्टीहरुले संरक्षण गरिरहेको दाबी गरेका छन् ।



हेटौंडामा प्रजातान्त्रिक विचार समाज मकवानपुरको आयोजनामा भएको प्रजातान्त्रिक दर्पण-२०८१ विमोचन तथा सम्मान कार्यक्रममा बोल्दै गुरुङले गृहमन्त्री लामिछाने सहकारीमा बचतकर्ताको रकम हिनामिना घटनामा संलग्नता देखिएको आरोप लगाउँदै कारबाही गर्नबाट कम्युनिष्ट पार्टीले संरक्षण गर्दै आइरहेको बताएका छन् । गृहमन्त्रीतर्फ लक्षित गर्दै उनले भने, ‘ठगी गर्दै दुई नागरिकता र दुई पासपोर्ट बोकर राजनीतिमा नेता बनिँदैन,’ ।

सरकारले सबै मन्त्रीहरुको छानवीन गरी दोषीलाई एउटै चश्माले हेर्नुपर्ने उनको जोड छ । विचार, सिद्धान्त एकातिर राखेर कम्युनिष्टहरुले संसदमा देखाएको संसदीय अभ्यास गलत भएको उनको भनाइ छ । गुरुङले प्रजातान्त्रिक विचार समाजलाई सक्रिय बनाएर नेपाली राजनीतिमा देखिएको फोहोरलाई सफा गर्न सके निराशा होइन आशावादी हुन सकिने बताए । राजनीतिमा प्रवृति खराब भएपनि व्यवस्था खराब नभएको उनको दाबी छ ।

कांग्रेसीहरुको व्याख्या गर्ने शैली खराब देखिए पनि प्रजातान्त्रिक विचारमा कांग्रेसले बाटो नछोडेको उनले जिकिर गरे । जनताको मनछुने एजेण्डामा कांग्रेसले काम गर्न सके प्रजातान्त्रिक विचार समाजको सिद्धान्त प्रतिपादन हुने बताए । आन्तरिक विवाद साम्य बनाएर भावी रणनीतिमा पार्टी लाग्नुपर्ने उपसभापति गुरुङको जोड छ । कांग्रेसले भ्रष्टाचारीविरुद्ध आवाज बुलन्द गर्न आफैंबाट सुरुवात गर्नुपर्नेमा जोड दिँदै गफले मात्र कांग्रेस हुन नसक्ने हुदाँ व्यवहारले ठीक ठाउँमा उभिन आवश्यक रहेको बताए ।

भ्रष्टाचारसँग जोडिएका कुनैपनि दलका नेतालाई कानुनी दायरामा ल्याएर कारवाही गर्नुपर्ने उनको भनाई छ । सुशील कोइराला, कृष्णप्रसाद भट्टराई र गणेशमानको अनुयायीलाई आत्मसात् गरी विचार र सिद्धान्तलाई सही ढंगले लागू गर्न कार्यकर्तालाई निर्देशन दिए । देशमा अर्थतन्त्र सुधारका लागि आफू मन्त्री हुँदा केही प्रयासहरु भए पनि पुरा हुन नसकेको बताए । नेता गुरुङले देशमा रहेको जडिबुटी, घरेलु मदिरालाई ब्राण्ड बनाएर विश्व बजारमा लैजानसके अर्थतन्त्रमा फड्को मार्ने विश्वास लिए ।

प्रजातान्त्रिक विचार समाज मकवानपुर अध्यक्ष डा.देवचन्द्र मानन्धरको सभाध्यक्षतामा भएको कार्यक्रममा कांग्रेस मकवानपुरका पूर्वजिल्ला सभापति रघुरमण न्यौपाने, हेटौंडा उपमहानगरका पूर्वसभापति आनन्दराम पराजुली लगायतले धारणा राखेका थिए । कार्यक्रमको अवसरमा प्रजातान्त्रिक सेनानीबाट अशोक श्रेष्ठ, यादवराज पराजुली, परमेश्वर भ्लोन, हरिनन्द खरेल र स्वर्गीय ईश्वरचन्द्र अग्रवाललाई मरणोपरान्त सम्मान गरिएको छ ।

# जनप्रियमा आधारभूत रेडियो उद्घोषण तालिम

साझाकुरा संवाददाता

हेटौंडा, १० जेठ/ जनप्रिय बालसमूह र हेटौंडा-१६ वडा बालसञ्जालको संयुक्त आयोजनामा ३ दिवशीय आधारभूत उद्घोषण तालिम जनप्रिय माध्यमिक विद्यालयमा सुरु भएको छ ।

१६ नम्बर वडा कार्यालयको आर्थिक सहयोगमा सुरु गरिएको कार्यक्रमा वडाअध्यक्ष एवम् हेटौंडा उपमहानगरपालिका सामाजिक विकाससंयोजक रामकृष्ण कोईरालको प्रमूख आतिथ्यता रहेको थियो । जनप्रिय मावि अतिरिक्त क्रियाकलाप तथा सांस्कृतिक विभाग संयोजक युक्तलाल विश्वकर्माले कार्यक्रमको अध्यक्षता गरेका थिए ।

रेडियोकर्मी एवम् कुशल प्रस्तोता सञ्चारकर्मी आशिष दुलालले सहजिकरण गर्ने तालिममा हेटौंडा-१६ नं वडाभर रहेका बालसञ्जाल र विद्यालयका प्रतिनिधिमूलक बालबालिकाले तालिम लिनेगरी व्यवस्थापन गरिएको तालिम संयोजक रविन श्रेष्ठले जानकारी दिए । तालिममा सैद्धान्तिक भन्दा प्रयोगात्मक कक्षा हुने र रेडियो कार्यक्रम निर्माणतर्फ लक्षित हुने बताइएको छ ।

कार्यक्रमको उद्घाटन सत्रमा वडासदस्यहरु गुरुप्रसाद ढकाल, संगीता विक, नेका-१६ वडासभापति सोमनाथ दंगाल, जनप्रिय माविका विव्यस सदस्यहरु इन्द्रप्रसाद खतिवडा, बिन्दा बिक, हिमचुली कृषि सहकारी संस्थाका अध्यक्ष कृष्णप्रसाद पनेरु, चेतनशील दुग्ध उत्पादक सहकारी संस्थाका अध्यक्ष महेश ढकाल, घ्याम्पे टोलविकास संस्थाका अध्यक्ष बाबुकाजी श्रेष्ठ, महिला जागरण अध्यक्ष सीता कटुवाल बस्नेत, जनप्रिय बालसञ्जाल फोकल शिक्षक कृष्णप्रसाद अधिकारी, वडा बालसञ्जाल अध्यक्ष उज्जवल कोईराला लगायतको आतिथ्यता रहेको थियो ।

जनप्रिय मावि मिडिया विभाग संयोजक सुनिल गौतमले सञ्चालन गरेको कार्यक्रमलाई शिक्षक संप्रस पौडेलले व्यवस्थाप गरेको तालिम संयोजक श्रेष्ठले बताए ।

# हेटौंडाका दुई खेलाडी इलिट एकेडेमी कार्यक्रमका लागि छानिए



साझाकुरा संवाददाता

हेटौंडा, १० जेठ/टोखा भगवती क्लब टोखाको पहलमा संचालित किकस्टार्ट-टोटनहम एफसीको इलिट एकेडेमी कार्यक्रमका लागि मकवानपुरका दुईसहित नेपालबाट १४ खेलाडी छानिएका छन् ।

यसअघि इलिट एकेडेमी कार्यक्रमका लागि काठमाडौंमा टोखा भगवती क्लबसँगको सहकार्यमा खुला ट्रायल कार्यक्रम आयोजना गरिएको थियो । ट्रायलबाट अन्तिम चरणका लागि उत्कृष्ट १४ खेलाडी छानिएका हुन् । छनोटमा पर्ने हेटौंडा-२ बनसखण्डीका विशेष बानियाँ र हेटौंडा-१० भुटनदेवीका भुवन कामी रहेका छन् ।

छनोट भएका खेलाडीले टोटनहमको क्षेत्रीय एकेडेमी किकस्टार्टसँग तालिम लिने अवसर पाउनेछन् । साथै उनीहरुले क्षेत्रीय एकेडेमीबाट टोटनहमका उच्चस्तरका खेलाडीसँग प्रशिक्षण गर्ने अवसरसमेत पाउनेछन् । आवासीय एकेडेमीका लागि छनोट भएका खेलाडीको नामावली भने छिट्टै प्रकाशित गरिने पनि क्लबले जनाएको छ ।

# मकवानपुरमा यसअघि छुटेका बालबालिकालाई पोलियो खोप दिइने

साझाकुरा संवाददाता

हेटौंडा, १० जेठ/ मकवानपुरमा आगामी जेठ १३ गतेबाट पोलियो रोगविरुद्धको खोप अभियान सञ्चालन हुने भएको छ । जेठ १९ गतेसम्म पोलियोविरुद्धको आईभीपी खोप लगाउने तयारी भएको जनस्वास्थ्य कार्यालय मकवानपुरले जनाएको छ ।



२०७३ वैशाखदेखि २०७५ भदौसम्म भएको खोप अभावका बेला खोप लागाउन छुटेका बालबालिकालाई लक्षित गरी पोलियो खोप अभियान सञ्चालन गर्न लागिएको जनस्वास्थ्य प्रमुख कृष्णबहादुर मिजारले जानकारी दिए । मकवानपुरमा २०७३ देखि २०७५ सालमा जन्मिएका करिब २२ हजार बालबालिकालाई खोप लगाउने लक्ष्य राखिएको मिजारले बताए ।

बुधबार हेटौंडामा खोप अभियानबारे पत्रकारलाई अभिमुखीकरण कार्यक्रममा विश्व स्वास्थ्य संगठनकी प्रतिनिधि डाक्टर सस्मिता बास्तोलाले पोलियो भाइरसबाट सर्ने संक्रामक रोग लाग्न नदिनका लागि पोलियो खोप अभियान सञ्चालन गर्न लागिएको बताइन् । पोलियो रोग लागेका मानिसलाई पक्षघात हुने र मृत्युसमेत हुनसक्ने भएकाले कोही पनि बालबालिकालाई नछुटाई यो खोप लगाउनुपर्ने उनले बताइन् । ज्वरो आएको, क्यान्सर भएका र जटिल रोगका औषाधि खाइरहेकाले खोप लगाउन नहुने उनले बताइन् ।

नियमित खोप अभियानका क्रममा जन्मेको १४ हप्ता र ९ महिनाको फरकमा पोलियोविरुद्धको खोप दिइरहिएको भएता पनि २०७३ देखि २०७५ सालसम्म जन्मेका बालबालिकाले यो खोप नपाएकाले यसपाला सोही बालबालिकालाई लक्षित गरी खोप अभियान चलाइएको जनाइएको छ । जनस्वास्थ्य कार्यालयले जेठ १३ गतेदेखि विद्यालयमा केन्द्रित गरी खोप अभियान चलाइनेछ । विद्यालयमा खोप लगाउन छुटेकाको लागि स्वास्थ्य संस्थामा जेठ २६ गतेसम्मै खोप लगाउने व्यवस्था मिलाइएको जनस्वास्थ्य प्रमुख मिजारले बताए ।

देशभरमा यसअघि छुटेका साढे १४ लाखभन्दा बढी बालबालिकालाई आईपीभी खोप दिने अभियान सञ्चालन गर्ने भएको हो । नेपालले सन् २०१४ बाट सुईबाट दिइने पोलियोविरुद्धको खोप सुरु गरे पनि २०१६ देखि २०१८ को मध्यसम्म विश्वव्यापी रुपमा अभाव भएका कारण खोप दिन रोकिएको थियो । त्यसबेला विश्वबजारमा यो खोप अभाव भएका कारण ती बालबालिका खोपबाट पाउनबाट बञ्चित भएका थिए । खोपबाट बन्चित भएका बालबालिका पोलियो रोगको जोखिममा हुनसक्ने भन्दै खोप दिन लागिएको हो ।

खोप अभियानका लागि ग्लोबल एलायन्स फर भ्याक्सिन एण्ड इमुनाईजेशन (गाभी)को सहयोग रहेको छ । डा. गौतमले अहिले बीचमा छुटेका बालबालिकालाई मात्रै खोप दिन लागिएको भन्दै यसअघि जन्मेर आइपीभी लिईसकेको र पछि जन्मेर खोप लिईसकेकाले अहिले खोप लिन नपर्ने समेत स्पष्ट पारे ।

यो मुख्य रुपमा व्यक्ति-व्यक्ति बीचको सम्पर्कद्धारा फैलिन्छ । संक्रमित व्यक्तिको दिशा-पिसाब समावेश खाना वा पेयपदार्थको सेवनबाट फैलिने गर्छ । पोलियोले मूलत: पाँच वर्षमुनिका बालबालिकालाई असर गर्छ । खुला प्रजातिका पोलियो भाइरस तीन प्रकारका हुन्छन् र वैज्ञानिक हिसाबले ती फरक-फरक हुन्छन् । पहिला मुखबाट दिइने ओरल खोप मात्रै थियो ।

मुखबाट दिने पोलियोको तीन टाइपमध्ये टाइप वान, टाइप टु र टाइप थ्रिमध्ये मुखबाट दिइने ओरल पोलियो भ्याक्सिन (टाइप वान र टाइप थ्री) नियमित रुपमा सञ्चालन भइरहेको छ । टाइप टु नेपालबाट धेरै अघिदेखि नदेखिएको भएपनि यसको मृतजीव मिसिएको आइपिभी भ्याक्सीन सुरु गरेको थियो । विश्व स्वास्थ्य संगठनले नै यो खोप प्रयोग गर्नको लागि विश्व समुदायलाई आह्वान गरेको थियो ।

त्यस अनुसार नेपालले पनि राष्ट्रिय खोप कार्यक्रममा समावेश गर्‍यो । तर, पछि अन्तराष्ट्रियरुपमा खोपको अभावका कारण खोप कार्यक्रम दुई वर्ष बन्द भएको थियो । मुखबाट दिइने पोलियो खोप जीवित भाइरसबाट बनेको हुन्छ मुखबाट दिइने पोलियो खोपको फाइदा र बेफाइदा दुवै हुन्छ । जीवित भाइरस बनेको पोलियो खोप आन्द्रा हुँदै शरीरमा प्रवेशमा गर्छ । जुन शरीरमा संख्यात्मक रुपमा धेरै गुणा वृद्धि हुन्छ ।

नेपालमा २०७१ सालदेखि आईपीभी खोप सञ्चालन गरिएको हो । बीचको दुई वर्ष रोकिए पनि त्यसपछिको बर्षहरुमा यो खोप नियमित खोप लगाईदै आएको छ । श्वासप्रश्वासमा सघाउने मांसपेशीलाई पक्षाघातको असर परेमा मृत्यु पनि हुन सक्छ । पोलियोको उपचार छैन तर, खोप लगाएर बच्चालाई पोलियो लाग्नबाट बचाउन सकिन्छ । खोप अभियानका लागि देशभर ३४ हजरा ३५४ खोप केन्द्र तयार गरिएको छ ।

# चलचित्र पत्रकारिता दिवस: पत्रकार र कलाकार सम्मानित

साझाकुरा संवाददाता

हेटौंडा, १० जेठ/ चलचित्र पत्रकार संघ नेपाल मकवानपुर शाखाको आयोजनामा बिहीवार हेटौंडामा राष्ट्रिय चलचित्र पत्रकारिता दिवसको अवसर पारेर कार्यक्रम गरिएको छ ।



संघले दिवसको अबसरमा दुईजना पत्रकार र दुईजना कलाकार लाई सम्मान गरेके छ । चलचित्र पत्रकार एवम् गीतकार गीता अधिकारीलाई नन्दबहादुर महर्जन स्मृति राष्ट्रिय चलचित्र पत्रकारिता पुरस्कार २०८१ प्रदान गरिएको हो । अधिकारीलाई एघार हजार एक सय एघार रुपैयाँ सहित पुरस्कृत गरिएको हो । अधिकारी दुईदशक भन्दा बढी चलचित्र पत्रकारिता क्षेत्रमा क्रियाशील छिन् ।

नन्दबहादुर महर्जन स्मृति राष्ट्रिय चलचित्र पत्रकारिता पुरस्कारलाई नेपाल चलचित्र संघका अध्यक्ष एवम् निर्माता नरेन्द्र महर्जनले स्थापना गरेका हुन् । संघले चलचित्र पत्रकारिता पुरस्कार २०८१ बाट मकवानपुरका पत्रकार बालकृष्ण अधिकारीलाई पुरस्कृत गरेको छ । संघको संस्थापक सहसचिव रहेका अधिकारी मकवानपुरमा रहेर कान्तिपुर टेलिभिजनका लागि कलम चलाईरहेका छन् ।

चलचित्र कलाकर्मी सम्मान-२०८१ बाट कलाकार कोशिश क्षेत्री र कलाकार सुशान्तकुमार श्रेष्ठको बुबाको नामबाट स्थापित धनमान श्रेष्ठ स्मृति कलाकर्मी सम्मान-२०८१ बाट कलाकार ध्रुव न्यौपानेलाई सम्मान गरिएको छ । मकवानपुरमा जन्मिएर राष्ट्रमा आफ्नो कला, साहित्य, संगीत क्षेत्रमा सक्रिय रहेर जिल्लाको नाम चम्काइरहेका कलाकर्मीलाई यो विधामा सम्मान गरिएको हो ।

चलचित्र पत्रकार संघ नेपालको हेटौंडामा सम्पन्न प्रथम राष्ट्रिय भेला तथा पत्रकारिता कार्यशालालाई साथ सहयोग गरेका मकवानपुरका पत्रकार श्यामलाल दुलाल गणेशलाई प्रशंसापत्र प्रदान गरिएको थियो । संघका अध्यक्ष कपिल खड्काको सभाध्यक्षतमा भएको कार्यक्रममा हेटौंडा उपमहानगरपालिका उपप्रमुख राजेश बानियाँको प्रमुख आतिथ्यता रहेको थियो ।

कार्यक्रममा चलचित्र पत्रकार संघ नेपालका केन्द्रीय अध्यक्ष समिर बलामी, नेपाल चलचित्र संघका अध्यक्ष नरेन्द्र महर्जन, हेटौंडा-२ का अध्यक्ष विष्णुगोपाल महर्जन, वडा-६ का अध्यक्ष विष्णुबहादुर दाहाल, नेपाल पत्रकार महासंघ केन्द्रीय सदस्य सुनिल खड्का, बानका केन्द्रीय उपाध्यक्ष उज्जवल चौलागाई, महासंघ बागमती प्रदेश उपाध्यक्ष रुपेश दुलाल, जिल्ला अध्यक्ष मणिराज गौतम, संघका संस्थापक अध्यक्ष कुमार अधिकारी, कलाकार सुशान्तकुमार श्रेष्ठ, प्रेस सेन्टर मकवानपुर अध्यक्ष अञ्जली थापालगायतले मन्तव्य व्यक्त गरेका थिए ।

कार्यक्रममा पत्रकार महासंघ मकवानपुरका निवर्तमान अध्यक्ष हरि हुमागाई, एनएस सिनेमाका सञ्चालक नवराज आचार्य, ओम्याक्स सिनेमा सञ्चालक राम राजभण्डारी, प्रेस युनियन मकवानपुरका अध्यक्ष सुवास विडारी, प्रेस चौतारी मकवानपुरका अध्यक्ष बालकृष्ण अधिकारी लगायतको अतिथ्यता थियो ।

# हेल्थ रिसर्च तालिम सकियो

साझाकुरा संवाददाता

हेटौंडा, १० जेठ/हेल्थ रिसर्चसम्बन्धी तालिम हेटौंडामा समापन भएको छ । हेटौंडा उपमहानगरपालिका वडा नम्बर ८ कमानेस्थित मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठान अनुसन्धान केन्द्रले डाटा म्यानेजमेन्ट तथा एनालाईसिस प्रोसेस एन्ड साइन्टिफिक राइटिङ इन हेल्थ रिसर्चसम्बन्धी अनुसन्धान तालिम आयोजना गरेको हो ।

६ दिनसम्म भएको तालिमको बुधबार समापन गरिएको हो । कार्यक्रम विश्वविद्यालय अनुदान आयोगको अनुदान तथा प्रतिष्ठानको आन्तरिक बजेटमा संचालन भएको थियो । कार्यक्रम प्रतिष्ठानका शिक्षाध्यक्ष प्राध्यापक डाक्टर सुरेन्द्र शेरचनको अध्यक्षता तथा प्रतिष्ठानका उपकुलपति प्राध्यापक डाक्टर विश्वराज जोशीको प्रमुख आतिथ्यतामा सम्पन्न भएको हो ।

३० जना प्रशिक्षार्थीले ६ दिने अनुसन्धान तालिममा सहभागिता जनाएका थिए । तालिममा त्रिभुवन विश्व विद्यालयका सहप्राध्यापक डाक्टर प्रनिलमानसिंह प्रधान, डाक्टर गम्भीर श्रेष्ठ, लेक्चरर दीपकराज जोशी र विपी कोईराला इन्स्टिच्युट अफ हेल्थ साईन्सका सहप्राध्यापक डाक्टर प्रज्वल प्याकुरेलले प्रशिक्षण दिएका थिए । स्वास्थ्य अनुसन्धानका डाटा व्यवस्थापन तथा विश्लेषण र स्वास्थ्य अनुसन्धानमा वैज्ञानिक लेखनको लागि नेतृत्व विकास गराउने प्रमुख उदेश्यले तालिम आयोजना गरेको बताइएको छ ।

प्रतिष्ठानका डीन प्राध्यापक दुर्गाकुमारी खड्का मिश्र, प्रमुख प्रशासकीय अधिकृत अमरसिंह अधिकारी, अनुसन्धान समितिका अध्यक्ष तथा शिक्षक नम्रकुमार महतोलगायत प्रतिष्ठानका सम्पूर्ण विभागीय प्रमुख, शिक्षक तथा कर्मचारीको उपस्थितिमा कार्यक्रम समापन गरिएको प्रतिष्ठानका अनुसन्धान संयोजक डाक्टर रोशन कुमार चौधरीले बताए ।

# गढीदेखि गोरखा दरबारसम्मको साइकलयात्रा सुरु

साझाकुरा संवाददाता

हेटौंडा, १० जेठ/ हिमालयन राइडर्स सोसाइटी मकवानपुरको आयोजनामा २५६७ औं बुद्धजयन्तीको अवसरमा दुईदिने साइकलयात्रा सुरु भएको छ ।



मकवानपुरगढी गाउँपालिका-२ को समन्वयमा आन्तरिक पर्यटन प्रवर्द्धनको निम्ति एतिहासिक मकवानपुरगढीदेखि गोरखा दरबारसम्म साइकलयात्रा गरेका हुन् । २५६७ औँ बुद्धजयन्तीको अवसरमा आयोजना गरिएको साइकलयात्रा १२ जनाले सहभागिता रहेको सोसाइटीका अध्यक्ष रामकुमार श्रेष्ठले जानकारी दिए ।

उनका अनुसार बुद्ध जयन्तीको दिन बिहीबार बिहान मकवानपुरगढीबाट सुरु भएको साइक्लयात्रा शुक्रबार साँझ गोरखा दरबार पुगेर समापन हुनेछ । साइकलयात्रामा ६० वर्ष उमेर पार गरेका ४ जना, ५० वर्ष उमेर पार गरेका ४ जना, ४० वर्ष र ३० वर्ष उमेर पार गरेका २/२ जना सहभागी छन् ।

साइक्लयात्रामा सोसाइटीका संस्थापक अध्यक्ष चेतनाथ आचार्य, कोषाध्यक्ष लक्ष्मीचरन श्रेष्ठ सदस्य, बुद्धिबहादुर आलेमगर, अशोक जोशी, बरुण खतिवडा, सुरज लिम्बू, राजु थापामगर, दुर्गाप्रसाद लामिछाने, कीर्तम मानन्धर, प्रदीप थापाक्षेत्री, लेखनाथ ढकाल, नबराज नेपाल सहभागी छन् । सुरज लिम्बुले एकै हातले साइकल चलाएर यात्रा गरिहेका छन् । लिम्बु फरकक्षमता भएका ब्यक्ति हुन् ।

हेटौंडामै उत्पादित

सुदिन ड्राइमिट






Ready To Eat

हाम्रा विशेषताहरू:

- ग्याँस ओभनबाट उत्पादन गरिने ।
- हानिकारक धुवाँको असर नहुने ।
- १२ प्रकारका घरायसी मसलायुक्त ।
- तत्काल खान मिल्ने ।
- खाद्य सुरक्षणको लागि केमिकल (Preservative) प्रयोग नभएको ।

सुदिन प्याकेजिङ्ग उद्योग
हेटौंडा-४, मकवानपुर
९८४५२६२५२२, ९८५५०७२६२३

साझाकुरा राष्ट्रिय दैनिकका लागि **सबिन न्यौपाने**द्वारा प्रकाशित, सम्पादक: **सरला खनाल**, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रण:** सफल छापाखाना